# दोस्रो संविधानसभा निर्वाचन सम्पन्न, शक्ति सन्तुलनमा फेरबदल

## (कार्तिक १५- मंसिर १५, २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मिति : मंसिर २०, २०७० (Dec 5, 2013)**

पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकी विघटन भएको डेढ बर्षपछि मुलुकमा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । मोहन वैद्य नेतृत्वको नेकपा माओवादीसहित ३३ दलिय मोर्चाको व्यापक अवरोध हुँदाहुँदै यसपटक निर्वाचन भएको थियो । तैपनि अघिल्लो संविधानसभाको तुलनामा यसपटक निर्वाचनका क्रममा मानवीय क्षति कम भयो । सबैभन्दा ठूला पार्टी एकीकृत नेकपा माओवादी निर्वाचनपछि तेस्रो पार्टीमा सिमिति हुन पुग्यो भने पहिलेको निर्वाचनमा दोस्रो भएको नेपाली काँग्रेस पहिलो र तेस्रो रहेको नेकपा एमाले दोस्रो ठूलो पार्टी  हुन सफल भए । तर, निर्वाचनमा पराजित भएपछि एकीकृत नेकपा माओवादीलगायतका दलले निर्वाचनको विश्वसनियतामाथि प्रश्न उठाउँदै छानविनको माग गरे । त्यतिमात्र होइन, छानविन नभए समानुपातिकमा सभासद्को नाम नदिने र संविधानसभामा पनि नजाने धम्की दिन थाले । दलहरुको आरोपलाई निर्वाचन आयोगले भने ठाडै अस्वीकार गऱ्यो । निर्वाचनबाट झण्डै दुई तिहाइ सिट ल्याएका काँग्रेस र एमालेका नेताले सहमतिको सरकार गठनको बहस चलाए । काँग्रेस वर्तमान राष्ट्रपतिलाई कायम राख्ने पक्षमा र एमाले नयाँ जनादेशअनुसार शक्ति बाँडफाँट हुनुपर्ने पक्षमा देखिए । एकातिर कांग्रेस र एमालेवीच शक्ति बाँडफाँटमा तत्कालै सहमति हुने अवस्था देखिएन भने अर्कोतिर मतपरिणामले राजनीतिक खेलाडीहरुको हैसियत बदलिदिएपछि राजनीतिमा नयाँ खालका मुद्दा र विवाद देखिन थाले ।

### निर्वाचन तयारी र बन्द

संविधानसभा निर्वाचनप्रति प्रतिवद्ध हुँदै सरकारले आफनो तयारी गरेपनि नेकपा माओवादी लगायतका दलहरु निर्वाचनको विपक्षमा थिए । नेकपा माओवादी लगायतको मोर्चाले स्वदेशी तथा विदेशी सबैलाई अहिलेको अवस्थामा निर्वाचन बहिस्कार गर्नुको विकल्प नभएको भन्दै बुझाउने प्रयास गऱ्यो । संयुक्त राष्ट्रसंघका आवासीय समन्वयकर्ता जिमी म्याकगोल्डरिकको नेतृत्वको टोलीसँगको भेटमा माओवादीका अध्यक्ष मोहन बैद्य र उपाध्यक्ष सिपी गजुरेलले 'अहिलेकै अवस्थामा निर्वाचन बहिष्कार गर्नुबाहेक अरु विकल्प नरहेको'[1] बताएका थिए । म्याकगोल्डरिकको टोलीले भने आन्दोलन शान्तिपूर्ण रुपमा अघि बढाउन आग्रह गरेको थियो ।

बेलायत, अष्ट्रेलिया, जापान, बंगलादेश, ब्राजिल, इयू, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मन, दक्षिण कोरिया, मलेसिया, रसिया, नर्वे, श्रीलंका, स्वीजरल्याण्ड, थाइल्याण्डका राजदूत तथा प्रतिनिधिले बन्दको संयुक्त रुपमा विरोध गरे । उनीहरुले भने, 'नेपालीहरुको उम्मेवार वा

[1] नेकपा माओवादीका उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख सीपी गजुरेलले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक १६, २०७० ।

मतदाताको रुपमा शान्तिपर्ण ढंगले आफ्नो राय व्यक्त गर्ने अधिकारको अन्तर्राष्ट्रिय समुदाय समर्थन गर्दछ । शान्तिपूर्ण, खुल्ला र समावेशी निर्वाचनमा भाग लिन पाउने लोकतान्त्रिक अधिकारको सबैले सम्मान गर्नुपर्छ । हिंसा वा हिंसाको धम्कीद्वारा गरिने बन्द हडताल नागरिकका राजनैतिक अधिकार तथा नेपालको कानून विरुद्ध छन् । अरुहरुको शान्तिपूर्ण चुनावी अभियान रोक्ने कार्य पनि गैरकानूनी हो । यस्ता कार्यमा संलग्न पक्षहरुले स्वतन्त्र निर्वाचन र अरुहरुका अधिकारको सम्मान गर्नुपर्दछ ।[2]

माओवादीले गर्ने भनेको बन्द र निर्वाचनको तयारीबारे छलफल गर्न मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रमुख राजनीतिक दलका नेताहरुसँग बैठक गरे । बैठकले 'संविधानसभाको निर्वाचन बहिष्कार गर्ने दलहरुले संविधानसभाको निर्वाचनलाई लक्षित गरि मतदान गर्ने नागरिकको अधिकारलाई कुण्ठित हुने गरि कुनै किसिमको बन्द, हडताल, हिंसात्मक गतिविधि नगर्न नगराउन आव्हान गऱ्यो र त्यस्तो काम कारवाही निर्वाचन आयोगबाट जारी भएको आचारसंहिता र प्रचलित कानूनविपरित हुने भएकोले त्यस्तो काम कारवाही उपर कानून बमोजिम कारवाही हुनुपर्ने कुरामा जोड'[3] दियो । सो अवसरमा रेग्मीले सरकार 'संविधानसभाको निर्वाचन सम्पन्न गर्न कुनै कसर बाँकी नराखी दृढतापूर्वक लागि परेकोले निर्धक्क भएर संविधानसभाको निर्वाचनमा भाग लिन आम जनसमुदायलाई आग्रह'[4] गरेका थिए ।

निर्वाचनका लागि सरकार र निर्वाचन आयोगले तयारी अघि बढाएसँगै ३३ दलिय मोर्चाले निर्वाचन विरोधी गतिविधिलाई बढायो । र, मोर्चाले भन्यो, 'मुलुकको विद्यमान संकटलाई समाधान गर्नका लागि राजनीतिक शक्तिहरुको बीचमा राष्ट्रिय सहमतिको विकल्प छैन । त्यसैले सबै राजनीतिक शक्तिहरुको बीचमा गोलमेचसभाको आयोजना गरी नयाँ संविधान निर्माणको मार्गचित्र सुनिश्चित गर्दै संविधानसभाको निर्वाचनको प्रक्रियामा अगाडि बढौं भनी ३३ दलको तर्फबाट निरन्तर रुपमा सरकार र ४ दलसँग आग्रह गर्दै आइरहेको यथार्थता सर्वविदितै छ । परन्तु, उक्त प्रस्तावलाई निषेध गर्दै ४ दल र सरकारले जर्बजस्त रुपमा राष्ट्रघाती तथा जनघाती निर्वाचनको प्रायोजन गर्दैछन ।[5] कार्तिक २५ गतेदेखि मंसिर ५ गतेसम्म देशव्यापी आमहडताल घोषणा गरेको मोर्चाले निर्वाच विरुद्ध गतिविधि गर्दा हिंसात्मक हुने छनक पहिले नै दिएको थियो । उसले हडतालका बेला 'जनप्रतिरोधका कार्यक्रमहरु'[6] चलाउने घोषणा गऱ्यो जसप्रति आपत्ति जनाउँदै विपक्षी दलहरु र सरकोकारवाला पक्षले हडताल फिर्ता लिन आग्रह गरे ।

'नागरिकको मतदान गर्न पाउने नैसिर्गिक अधिकार अवरुद्ध गर्ने र मुलुकलाई राजनीतिक दिशातर्फ अगाडि बढाउने प्रक्रिया रोक्ने प्रयासले मुलुकलाई मात्र होइन, स्वयं माओवादीलाई समेत राजनीतिक रुपमा क्षति पुग्ने निश्चित छ । तसर्थ आमजनताको अपेक्षा र मुलुकको आवश्यकताको विपक्षमा उभिएर आह्वान गरिएको आमहड्ताल फिर्ता लिन माग गर्दछौं'[7], एमालेको आग्रह थियो । राष्ट्रिय मानव अधिकार आयोगले पनि बन्दका कार्यक्रम अघि नसार्न ३३ दललाई आग्रह गऱ्यो । राष्ट्रपति रामवरण यादवले पनि बन्द फिर्ता लिन आग्रह गरे । यस्तै निर्वाचन आयोगले पनि संविधानसभाका समयमा बन्द हडताल र मतदातालाई असर पार्ने कुनै कार्यक्रम सञ्चालन नगर्न

[2] निर्वाचनलाई लक्षित बन्द कानून विरुद्ध : चीन भारत लगायतका २३ मुलुक । कार्तिक १९, २०७० । सेतोपाटीडटकम ।

[3] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मन्त्रिपरिषद्का अध्यक्षको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । कार्तिक १८, २०७० ।

[4] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मन्त्रिपरिषद्का अध्यक्षको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । कार्तिक १८, २०७० ।

[5] ३३ दलिय राजनीतिक मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक २४, २०७० ।

[6] ३३ दलिय राजनीतिक मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक २४, २०७० ।

[7] नेकपा एमाले केन्द्रीय परिचालन कमिटीले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक २४, २०७० ।

सम्बद्ध सबै पक्षसँग आग्रह गर्‍यो । सबैतिरबाट दबाब दिँदा पनि ३३ दलले फिर्ता लिएनन् । त्यसपछि गृह मन्त्रालयले सूचना प्रकाशित गरी 'शान्ति सुव्यवस्था खलल पुर्‍याउने, सार्वजनिक जीवनलाई प्रभावित पार्ने, पसल व्यवसाय बन्द गर्न दबाब दिने, जर्बजस्ती गर्ने, सार्वजनिक यातायातमा तोडफोड, आगजनी तथा हुलहुज्जत गर्ने, सार्वजनिक यातायात अवरुद्ध गर्ने जस्ता कानूनद्वारा निषेधित कुनै पनि कार्यमा संलग्न जो कोहीलाई कानून बमोजिम कडा कारहावी गर्न' दृढ रहेको बतायो । गृह मन्त्रालयले आफ्ना मातहतका निकायलाई बन्द निस्तेज पार्न निर्देशन दियो भने गृहमन्त्री माधवप्रसाद घिमिरेले 'बन्द गराउन सडकमा आउनेलाई अन द स्पट पक्राउ गर्छौं'[8] भनेर चेतावनी दिए ।

उच्चस्तरीय राजनीतिक समितिले पनि बन्द नगर्न आग्रह गर्‍यो । त्यति हुँदाहुँदै पनि विरोधको शैलीलाई परिवर्तन गर्दै मोर्चाले आन्दोलन सुरू गर्‍यो । मोर्चाले २५ गते आमहडताल गर्‍यो भने त्यसपछि देशव्यापी चक्काजाम कार्यक्रम गर्ने बतायो । बन्दको पहिलो दिनमा नै ठाउँ ठाउँमा अवज्ञा सुरु भइसकेको थियो । यस्तै दलहरुले विभिन्न ठाँउँमा गतिविधि कायमै राखेका थिए । 'राजनीतिक दल तथा उम्मेदवारहरुले आमहडतालको प्रवाह नगरी निर्वाध रुपमा चुनाव प्रचार जारी'[9] राखे ।

बन्दपछि ३३ दलिय मोर्चाले विज्ञप्ति जारी गरी भन्यो-'देशव्यापी आमहड्तालका विरुद्ध सरकारले सम्पूर्ण राज्य शक्तिको दुरुपयोग गरेर दमन-धरपकड गरेतापनि आमहड्ताल सान्दार रुपमा सफल भएको छ ।'[10] ३३ दलीय मोर्चाले चक्काजामको कार्यक्रम गरेसँगै त्यसलाई अवज्ञा गर्ने क्रम पनि बढ्यो । मुलुकका विभिन्न स्थानमा रहेका शहरमा यातायातका साधनहरु चल्न र जनजीवन अलि सामान्य हुन थालेपछि हिंसात्मक घटना बढ्न थाले । ठाउँठाउँमा शंकास्पद वस्तु राख्ने मात्र होइन, सवारी साधनमा पेट्रोल बम प्रहार गर्नेक्रम पनि बढ्यो । काठमाडौं, काभ्रे, चितवन लगयातका स्थानमा गुडिरहेका सवारी साधनमाथि आक्रमण भयो । तत्काल कसैको ज्यान नगएपनि कयौं व्यक्ति घाइते भए । धेरैले माओवादीले यस्ता गतिविधि गरेको भनेपनि सुरूमा माओवादी नेतृत्वले स्वीकार गरेन । उनीहरुले जनताले प्रतिरोध गरेको भन्दै पन्छिने प्रयास गरे । ठाउँठाउँमा पेट्रोल बम प्रहार गर्ने लगायतका हिंसात्मक घटना भएपछि मुलुक अस्तव्यस्त जस्तै भयो ।

सर्वोच्च अदालतले बन्द तत्काल फिर्ता लिन ३३ दलीय मोर्चालाई अन्तरिम आदेश दियो । तर यसलाई मोर्चाले भने अस्वीकार गर्‍यो । अत्यावश्यक वस्तु समेतलाई प्रभावित गर्ने गरी आयोजना गरिएको बन्दको चौतर्फी आलोचना भएपछि उनीहरु केही लचिलो भए । अनि भने-'ग्याँस व्यवसायीहरुले ग्यासलाई पनि अत्यावश्यक सेवाको सूचीमा राखी ग्यास बोक्ने बाहनलाई खुल्ला गरिदिन गरिएको आग्रहलाई ध्यानमा राख्दै ग्यासलाई पनि अत्यावश्यक वस्तुको सूचीमा राखी ग्यास बोक्ने बाहनहरुलाई आजैदेखि खुला गरिएको छ ।'[11] निर्वाचनमा होमिएका राजनीतिक दलहरुले सकेसम्म ३३ दलको कार्यक्रमलाई असफल बनाउन प्रयास गरे । निर्वाचनका कार्यक्रम लिएर उनीहरु जनताबीच पुगे भने राज्यको सुरक्षा लिएर भएपनि शिर्ष नेताहरु चुनाव प्रचार प्रसारका क्रममा मुलुकका विभिन्न स्थानमा पुगे । सुरूदेखि नै माओवादीका नेता तथा कार्यकर्ताले एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र बाबुराम भट्टराईलाई बढी लक्षित गरेका थिए । उनीहरु जहाँ जहाँ गयो, त्यही त्यही बन्द गर्ने, सकेसम्म शंकास्पद वस्तु राख्ने र कार्यक्रम नै असफल पार्ने प्रयास गरेका थिए ।

---

[8] बन्दकर्ता विरुद्ध सरकार कठोर । कार्तिक २४, २०७० । नागरिक दैनिक, पृष्ठ १ ।

[9] खरेल, दीपक र गौतम, सुर्यमणि । कार्तिक २६, २०७० । हडतालमा रोकिएन चुनाव । अन्नपुर्ण पोष्ट, पृष्ठ १ ।

[10] ३३ दलीय राजनीतिक मोर्चाले जारी प्रेस विज्ञप्ति । २५, कार्तिक । २०७० ।

[11] ३३ दलिय राजनीतिक मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक २९, २०७० ।

एमाले-काँग्रेसप्रति पनि उनीहरु ठाउँठाउँमा आक्रामक रुपमा प्रस्तुत भएका थिए । रामचन्द्र पौडेलको गाडीमा पेट्रोल बम प्रहार गरेका थिए भने ताप्लेजुङमा एमालेको सभामा बम प्रहार गरे । यी घटनाहरुको नेकपा माओवादीले जिम्मा नलिएपनि उनीहरुवाटै भएको विरोध कार्यक्रमको एक हिस्साका रुपमा यस्ता गतिविधीहरु भइरहेका थिए । यस हिसावले बम प्रहार गर्नेहरु मूलत नेकपा माओवादीका कार्यकर्ता नै थिए, तैपनि उनीहरुलाई स्पष्ट किटान गरेर भन्ने आँट कमैले गरे । प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले बम हान्नेलाई आतंककारीको संज्ञा दिए । मन्त्रीपरिषद् अध्यक्ष खिलराज रेग्मीले बम प्रहार गर्नेलाई कारवाही गर्ने चेतावनी दिए । तर पनि निर्वाचनका क्रममा सडक अवरोध गर्ने, गाडी तोडफोड गर्ने, निर्वाचन सामग्री लुटन प्रयास गर्ने जस्ता गतिविधीहरु भने भइ नै रहे ।

हिंसात्मक घटनाको धेरै क्षेत्रबाट आलोचना भएपछि ३३ दल केही संवेदनशिल भए । तर, उनीहरुले दोष जति राज्यपक्षलाई लगाउने प्रयत्न गरे । 'शान्तिपूर्ण आन्दोलनका विरुद्धमा राज्यले असहिष्णुतापूर्वक राज्यको सम्पूर्ण शक्ति प्रयोग गरेर दमन-धरपकड गर्दै एक प्रकारको राज्य आतङ्क खडा गरिरहेको छ । राज्य शक्तिको दुरुपयोग गर्दै चक्काजामको अवज्ञा गरिएको छ । त्यस क्रममा राज्य शक्तिको दुरुपयोगका कारणले कतिपय दुःखद घटना पनि घटेका देखिन्छन् । त्यसप्रकारको घटनाप्रति हामी दुःखित छौं', माओवादीले भन्यो, 'कतिपय देशी विदेशी प्रतिगामी शक्तिहरुले हाम्रो शान्तिपूर्ण आन्दोलनलाई बदनाम गराउन आतङ्ककारीको रुपमा परिभाषित गर्दै थप दमन निम्त्याउन खोजिरहेका छन् । त्यसैगरी, राष्ट्रघाती तथा जनविरोधी शक्तिहरुले पनि हाम्रो आन्दोलनलाई बदनाम गराउन हिंसात्मक घटनाहरु घटाइरहेका छन् ।'[12]

राजमार्गमा सेना र प्रहरीले सुरक्षा दिएर सवारी साधन सञ्चालन भएका थिए भने शहर बजारमा व्यापक रुपमा अवज्ञा भएको थियो । बन्दका बेला ३३ दल हिंसामा उत्रिएकोमा राज्यले त्यसको भर्त्सना गऱ्यो । 'संविधानसभाको निर्वाचनमा भाग नलिनु एउटा कुरा हो, तर बहिष्कारको नाममा आफूले सार्वजनिक रुपमा व्यक्त गरेको धारणा विपरित राजनीतिमा हिंसाको प्रयोग हुनु अत्यन्त दुःखदायी विषय हो । जुनसुकै उद्देश्यले गरिएको भएतापनि हिंसाको परिणाम दुःखदायी हुने र त्यसबाट सर्वसाधारण नागरिक नै पीडित हुने भएकाले यस्तो कार्य निन्दनीय छ, मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले भने-एकातर्फ निर्वाचनमा आफ्नो सैद्धान्तिक असहमति रहेको भन्दै निर्वाचनमा सहभागी नभई शान्तिपूर्ण बहिष्कार गर्ने भनी प्रचारबाजी गर्ने, अर्कोतर्फ सार्वजनिक स्थानहरुको शान्ति र सुव्यवस्थाको प्रतिकूल हुने कार्य गरी आमजनसमुदायलाई लक्षित गरी विध्वंसात्मक र हिंसात्मक कार्यको सहारा लिई निहत्था यात्रु बसेका सवारी साधन तोडफोड गर्ने, आगजनी गर्ने, सार्वजनिक ठाउँमा बम राखी सर्वसाधारणलाई आतङ्कित पार्ने र ज्यान मर्नेसम्मको कार्य गर्नु मानवताविरोधी एवं अमानवीय कार्य हुन्, जुन् कदापि क्षम्य हुन सक्दैन । त्यस्ता अमानवीय, क्रुर एवं हिंसात्मक र कायरतापूर्ण कार्यको म घोर भर्त्सना गर्दछु । साथै, त्यस्ता कार्यमा संलग्न जोसुकैलाई पनि कानून बमोजिम कारबाही चलाउन सरकार दृढ संकल्पित रहेको पुनः जानकारी गराउन चाहन्छु ।'[13]

[12] नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले निकालेको प्रेस विज्ञप्ति । मंसिर २, २०७० ।

[13] अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले राष्ट्रका नाममा गरेको सम्बोधन । मंसिर २, २०७० ।

'सार्वजनिक परिवहनका यात्रुको ज्यानै लिने उद्देश्यले बम प्रहार गरी नाबालक, महिला, ज्येष्ठ नागरिक लगायतका जनताहरुलाई घाइते, अङ्गभङ्ग बनाउने एवं ज्यान मर्नेसम्मको अवस्थामा पु¥याउने र कसैको मताधिकारको प्रयोगबाट बञ्चित गराउन बलको प्रयोग गर्ने कार्य हाम्रो जस्तो लोकतान्त्रिक विचारमा आधारित समाजमा कुनैपनि दृष्टिकोणबाट राजनीतिक कार्य हुनै सक्दैन । संविधानले निर्दिष्ट गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रताले सधैं शान्तिपूर्ण व्यवहार र स्वस्थ राजनीतिक चरित्रको अपेक्षा गर्दछ, सरकारको भनाइ थियो-राजनीतिक चरित्रभन्दा बाहिर गई सामाजिक सुसम्बन्धमा खलल पर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने र अदालतको आदेश पालना नगर्ने जस्ता अभिव्यक्ति संविधान र कानून विपरितको कार्य र गैरजिम्मेवारीपनाको पराकाष्ठा हो । अझैपनि म उहाँहरुलाई बन्द, हड्ताल लगायत विरोधका सम्पूर्ण कार्यहरु तत्काल रोकी राजनैतिक व्यवहार प्रदर्शन गर्दै जनभावनाको सम्मान गर्न आग्रह गर्दछु ।'[14]

३३ दलका अनुसार बन्दका बेला देशभर ५ सय जना भन्दा बढी नेकपा-माओवादी सहित ३३ दल सम्बद्ध नेता, कार्यकर्ता र समर्थकहरुलाई गिरफतार गरि झुठा मुद्दा लगाइएको थियो । हिंसात्मक घटना भएपनि उनीहरुले औपचारिक रुपमा जिम्मेवारी लिन हिच्किचाए । चक्काजाम कार्यक्रम समाप्त भएपछि उनीहरुले भने-'चक्काजाम र बहिस्कार आन्दालनको विरुद्धमा राज्यद्वारा निरङकुश ढंगले गरिएको बल प्रयोगका कारणले कतिपय स्थानमा अनपेक्षित दुःखद घटनाहरु पनि घटेको देखिन्छ । त्यसबाट भएको क्षति र जनसमुदायमा पर्न गएको पीडाका सन्दर्भमा हामी दुःख व्यक्त गर्न चाहन्छौं ।'[15] प्रहरी प्रधान कार्यालयका अनुसार कार्तिक १५ देखि मंसिर ३ गतेसम्म निर्वाचनसँग कुनै न कुनै रुपमा जोडिएका ९०७ वटा हिंसात्मक घटना भए । कतिपय दिन त माओवादीले राखेको बम निष्कृय पार्न सेना तथा प्रहरीलाई भ्याइ नभइ समेत भएको थियो । सुरक्षाकर्मीले अधिकांश घटना अज्ञात समूहबाट भएको भन्यो । निर्वाचनका दिन १ सय ६ र निर्वाचनपछि मंसिर १४ गतेसम्म ४० वटा घटना भए । खुल्ला रुपमा स्वीकार नगरेपनि अधिकांश हिंसाका घटनामा नेकपा माओवादीको संलग्नता थियो । तर माओवादीको संलग्नता थियो भनेर त्यस वापत माओवादी नेतृत्वलाई जवाफदेही बनाउन र कानून अनुसार कारवाही गर्न भने राज्यले पहल गरेन, केवल हिंसामा लाग्नेलाई कारवाही गर्ने चेतावनी मात्र दियो ।

## निर्वाचनको पहिले नेताहरु

संविधानसभामा राजनीतिक दलहरुका आ-आफ्ना घोषणापत्र थिए । तरपनि नेताहरुले ठाउँठाउँमा आ-आफ्ना धारणा तथा दृष्टिकोण व्यक्त गरे । त्यतिमात्र होइन, दाबी समेत प्रस्तुत गरे । काँग्रेस सभापति सुशील कोइरालाले संविधान निर्माण र मुलुकको समग्र विकासका लागि काँग्रेसलाई भोट दिन आग्रह गरे ।[16] निर्वाचन हुने नहुने अन्योल रहेका बेला उनले देश व्यापी 'इलेक्सन फिभर' आएकाले चुनाव हुनेमा कुनै शंका नरहेको[17] बताए । ३३ दलिय मोर्चाले ठाउँठाउँमा आतंक सिर्जना गरेका बेला कोइरालाले 'चुनाव शान्तिपूर्ण हुनेमा ढुक्क

[14] अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले राष्ट्रका नाममा गरेको सम्बोधन । मंसिर २, २०७० ।
[15] ३३ दलीय मोर्चाले जारी गरेको प्रेस विज्ञप्ति । मंसिर ४, २०७० ।
[16] अधिकारी, कृष्ण । कार्तिक १४, २०७० । काँग्रेसले जिते संविधान र विकास । सेतोपाटीडटकम ।
[17] कोइरालाले भने, देश जागिसक्यो, चुनाव हुनेमा शंका छैन । कार्तिक २०, २०७० । सेतोपाटीडटकम ।

हुन सबैलाई आग्रह'[18] गरे । त्यस अतिरिक्त कोइरालाले झुटा आश्वासनमा नफस्न पनि जनतालाई आग्रह गरे 'तपाईहरुलाई कुने दलका नेता र उम्मेदवारले यो दिन्छु वा यो गर्दिन्छु भन्यो भने त्यो साँचो हो कि होइन बुझेर मात्र भोट दिनु होला'[19]-उनकै भनाइ थियो ।

सभापति कोइरालाले लोकतन्त्रिक मूल्य मान्यतालाई पनि निकै जोड दिए । उनले 'कसैले जनताको लोकतान्त्रिक अधिकारसँग खेलबाड गर्‍यो भने उसको अस्तित्व समाप्त हुने'[20] चेतावनी दिए । काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवालले पनि चुनाव सार्न सम्भव नभएको बताए ।[२१] काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले रामचन्द्रको वनवास हुन्छ भन्ने प्रचण्डको नै वनवास हुने चेतावनी दिए ।[22] यसअघि तनहुँमा पुगेर माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सांकेति रुपमा रामचन्द्रको वनवास हुने बताएका थिए । जनताबीच जाने क्रममा पौडेलले अघिल्लो पटक कम्युनिष्टका कारण संविधान नबनेको भन्दै आफ्नो पार्टीलाई मत दिन आग्रह गरे ।[23]

उता, एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले माओवादीको कार्यक्रममा काँग्रेस र एमालेले अवरोध गरेको आरोप लगाए ।[24] उनले माओवादीको देशभर लहर सिर्जना हुन थालेपछि अन्यन्तै गम्भीर षडयन्त्र हुन थालेको बताए । आफूलाई असाध्यै क्रान्तिकारी भन्ने प्रतिक्रियावादी र घोर दक्षिणपन्थी शक्तिहरु एक ठाउँमा उभिएर संविधानसभा भाँडन लागि परेको दाहालको आरोप थियो ।[25] जनताबीच जाँदा उनले दुईतिहाइ मत दिन आग्रह गरे । म्यादी पुगेर माओवादी अध्यक्ष दाहालले माओवादीलाई स्पष्ट बहुमत दिए एक वर्षभित्रमै नेपाली जनतालाई नयाँ संविधान दिने दाबी गरे ।[26] उनले माओवादीले बहमुत ल्याएमात्र संविधान बन्ने जिकिर गरे ।[27] अध्यक्ष दाहालले आफूहरु देशको पुरै जिम्मा लिन पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म आएको बताउँदै त्यसका लागि नेपाली जनताले सजग र सचेत भएर एमाओवादीलाई नै भोट हाल्ने'[28] विश्वास व्यक्त गरे । उनले 'मधेशीको भोटले जितेर राष्ट्रपति वा प्रधानमन्त्री बनी देशको सेवा गर्ने मेरो सपना हो'[29] भने । त्यस अतिरिक्त दाहालले संघीय गणतन्त्रको रक्षा माओवादीले मात्र गर्न सक्ने दाबी गरे ।[30] काँग्रेस,

---

[18] चुनाव रोकिदैन, कोइराला । कार्तिक २३, २०७० । गोरखापत्र, पृष्ठ १ ।

[19] साँचो, झुठो बुझेर मात्र भोट दिनुहोला -कोइराला । कार्तिक २५, २०७० । सेतोपाटीडटकम ।

[20] कांग्रेस झुठो आश्वासन दिँदैन : कोइराला । कार्तिक २६, २०७० । सेतोपाटीडटकम ।

[21] देउवाले भने, चुनाव सार्न सम्भव नै छैन । कार्तिक १७, २०७० । सेतो पार्टीडटकम ।

[22] प्रचण्डको वनवास हुने पौडेलको चेतावनी । कार्तिक १७, २०७० । सेतोपाटीडटकम ।

[23] कम्युनिष्टका कारण नै संविधान बनेन-पौडेल । कार्तिक २६, २०७० । सेतोपाटीडटकम ।

[24] दाहालले भने एमाओवादीलाई अवरोध गर्ने काम काँग्रेस एमालेको । कार्तिक १४, २०७० । सेतोपाटीडटकम ।

[25] पोखरेल, प्रशान्त । कार्तिक १५, २०७० । संविधानसभा भाँडने अन्यन्तै गम्भीर षडयन्त्र भयो : प्रचण्ड । सेतोपाटीडटकम ।

[26] हामीलाई बहमुत दिनुहोस, एक वर्षमा नै संविधान दिन्छौ ? प्रचण्ड । कार्तिक १४, २०७० । सेतोपाटीडटकम ।

[27] प्रचण्डले भने, एमाओवादीले बहमुत ल्याएमात्र संविधान । कार्तिक २०, २०७० । सेतोपाटीडटकम ।

[28] रोक्का, सचिन। कार्तिक २७, २०७० । हामी लिन्छौ देशको जिम्मा । जनादेश, पृष्ठ १ ।

[29] मधेशीको भोटले राष्ट्रपति बन्ने मेरो सपना । कार्तिक २२, २०७० । गोरखापत्र, पृष्ठ १ ।

[30] चौधरी, भिम । कार्तिक २६, २०७० । संघीय राज्य जनतासँग छलफल गरी निर्धारण : दाहाल । सेतोपाटीडटकम ।

एमाले लगायतका दलहरुलाई लक्षित गर्दै दाहालले पुराना र थोत्रा पार्टीले मुलुकलाई राजनीतिक निकास दिन नसक्ने ठोकुवा गरे ।[31] 'जनताको फैसला मात्रै विश्वास गर्न सकिने'[32] उनको भनाइ थियो । दाहाल निर्वाचन हुनेमा निश्चिन्त भएर लागेका थिए । नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यलाई लक्षित गर्दै उनले भन'बैध जी जति उफ्रे पनि चुनाव रोकिदैन ।'[33] बरु दाहालले माओवादीलाई फकाउनका लागि मन्त्रिपरिषद्बाट मनोनित गरिने २६ सीट लगायत अन्य सहुलियत दिन सकिने धारणा व्यक्त गरे ।[34]

उनले 'आफूलाई हराउन सबै शक्ति लागी परेको'[35] बताए । चुनावी अभियानमा क्रममा माओवादी अध्यक्ष दाहालले सामदाम दण्डभेद जे जे गरेर हुन्छ, जित्ने बताएका थिए ।[36] गोरखामा आयोजित कार्यक्रममा काँग्रेसले अवरोध गरेपछि माओवादी नेता बाबराम भट्टराईले काँग्रेस नेकपा माओवादीमा प्रवेश गरेछ भने ।[37] उनले माओवादीले चुनाव नजिते संविधान नबन्ने चेतावनी दिए ।[38]

नेकपा एमालेका नेताहरु पनि आ-आफ्नै धारणा रह्यो । एमाले अध्यक्ष झलनाथ खनालले एमाले पहिलो पार्टी भएमात्रै संविधान बन्ने दाबी गरे ।[39] खनालले 'देशभर एमालेको पक्षमा जनलहर उर्लिएको भन्दै अब एमालेको बहुमतलाई कसैले रोक्न नसक्ने उद्घोष'[40] गरे । एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मंसिर ४ गतेका लागि तोकिएको निर्वाचन कुनै हालतमा नसर्ने बताए ।[41] त्यसमा हो मा हो मिलाउँदै एमाले अध्यक्ष खनालले पनि संविधानसभाको निर्वाचन रोक्छु भन्नु दिवा सपना भएको दाबी गरे ।[42] चुनावका क्रममा एमाले नेताहरु माओवादीप्रति अलि बढी आक्रमक रुपमा प्रस्तुत भए । एमाले नेता केपीशर्मा ओलीले माओवादीप्रति लक्षित गर्दै पराजयको डरले चुनाव भाँडने प्रयास गरेको आरोप लगाए ।[43] अर्का नेता प्रदीप नेपालले माओवादीले मत किन्न सक्ने आशंका गरे । उनले भने-'अन्तिम समयमा एमाओवादीले प्रतिव्यक्ति एक लाख सम्म दिएर पनि भोट किन्छ ।'[44] एमाले नेताहरुले वर्तमानको कुरा मात्र होइन, विगतको कुरालाई लिएर पनि माओवादीको आलोचना गरे । ओलीले शान्ति प्रक्रियाका नाममा माओवादीले गरेको भ्रष्टचार कहिल्यै क्षमा गर्न लायक नभएको आरोप लगाए ।[45] अध्यक्ष खनालले एमाओवादीले १५ हजार नेपालीको ज्यान लिने बाहेक अरु केही नगरेको आक्षेप लगाए । उनले

[31] पुराना र थोत्रा पार्टीले मुलुकलाई निकास पनि दिन नसक्ने : दाहाल । कार्तिक २७, २०७० । सेतोपाटीडटकम ।
[32] जनताको फैसलामा मात्र विश्वास । कार्तिक २७, २०७० । गोरखापत्र, पृष्ठ १ ।
[33] बैद्यजी जति उफ्रेपनि चुनाव रोकिदैन -दाहाल । कार्तिक २८, २०७० । सेतोपाटीडटकम ।
[34] नेकपा माओवादीलाई २६ सीट दिने प्रस्ताव । कार्तिक १६, २०७० । कान्तिपुर, पृष्ठ १ ।
[35] मलाइ हराउन सबै लागे । मंसिर २६, २०७० । नेपाल समाचारपत्र, पृष्ठ १ ।
[36] साम, दाम, दण्ड, भेद जे-जे गरेर हुन्छ जित्ने : प्रचण्ड । मंसिर ३, २०७० । सेतोपाटीडटकम ।
[37] भट्टराइले भने, 'काँग्रेस, नेकपा-माओवादीमा प्रवेश गरेछ' । कार्तिक २५, २०७० । सेतोपाटीडटकम ।
[38] पौडल, विष्णु । कार्तिक २८, २०७०। भट्टराइले भोट माग्न के सम्म भेननन् । सेतोपाटीडटकम ।
[39] एमाले पहिलो पार्टी भए संविधान बन्छ- झलनाथ खनाल । कार्तिक १९, २०७०। सेतोपाटीडटकम ।
[40] देशैभर एमालेको पक्षमा जनलहर : खनाल । २१ कार्तिक, २०७० । राजधानी, पृष्ठ २१ ।
[41] निर्वाचनको मिति सर्दैन-वरिष्ठ नेता नेकप एमाले । सेतोपाटीडटकम ।
[42] खनालले भने, चुनाव रोक्छु भन्नु दिवासपना । कार्तिक १९, २०७० । सेतोपाटीडटकम ।
[43] कुइकेल, राजेश । कार्तिक २९, २०७० । 'पराजयको डरले चुनाव भाँडने प्रयास' । सेतोपाटीडटकम ।
[44] अन्तिम समयमा एमाओवादीले प्रतिव्यक्ति एक लाखसम्म दिएर पनि भोट दिन्छ : नेपाल । कार्तिक २६, २०७० । सेतोपाटीडटकम ।
[45] एमाओवादी लडाकुका नाममा करोडौ भ्रष्टचार गरेको छ : ओली । कार्तिक २६, २०७० । सेतोपाटीडटकम ।

माओवादी र काँग्रेसले मुलुकको जिम्मेवारी लिन नसकेकाले नेतृत्व गर्ने जिम्मेवारी आफ्नो काँधमा आएको बताए ।[46] प्रदीप नेपालले माओवादीले मोरङ र काठमाडौंमा पैसा बाँडेको आरोप लगाए ।[47] ओलीले माओवादी उल्टो बुद्धि भएकाहरुको पार्टी भएको टिप्पणी गरे ।[48] माओवादीप्रति लक्षित गर्दै एमाले महासचिव ईश्वर पोखरेलले पैसाको बलमा परिणाम लुटन खोजिए प्रतिवाद गर्ने बताए ।[49]

## आचार संहिता उल्लघंन

निर्वाचनलाई व्यवस्थित र अस्वथ्य प्रतिष्पर्धाबाट रोक्न निर्वाचन आयोगले निर्वाचन आचार संहिता तयार पारेको थियो । निर्वाचन आचार संहिताको अनुमगन गर्न निर्वाचन आयोग आफै पनि सक्रिय थियो भने विभिन्न राजनीतिक दलहरुले निर्वाचन आयोगमा उजुरी दिएका थिए । चुनाव प्रचारप्रसारका क्रममा हेलिकप्टर चढेर हिडेका माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, एमाले नेता केपीशर्मा ओली लगायतका नेतालाई आचार संहिता उल्लंघन गरेको भन्दै निर्वाचन आयोगले ध्यानाकर्षण गरायो । त्यसपछि नेताहरुले निर्वाचन आयोगसँग अनुमति लिएर नै निर्वाचनका बेला हेलिकप्टर प्रयोग गरे ।

कार्तिक २३ गते एमालेले एबीसी टेलिभिजन विरुद्ध उजुरी निर्वाचन आयोगमा उजुरी दर्ता गरायो । जसमा भनिएको थियो-‘एबीसी टेलिभिजनद्वारा प्रसारित समाचार र कार्यक्रमहरु पूर्ण रुपले एकतर्फी र एकीकृत माओवादीको निर्वाचन प्रचार संयन्त्रको रुपमा देखिएको छ । यस संचार माध्यमले अन्य सशक्त राजनीतिक दलहरुको मान मर्दन गर्ने र एकीकृत माओवादीको मात्र चुनावी भजन, स्तुती गाउने काम स्वतन्त्र र निस्पक्ष प्रेस सिद्धान्तको विरुद्धमा छ भने निर्वाचन अचार संहिता विरुद्ध भएको पनि आमदर्शकहरुको राय छ ।’[50] यसैगरी सिराह, रुकुम, चितवन काठमाडौं लगायतका ठाउँमा पनि माओवादीले आचार संहिता उल्लंघन गरेको भन्दै एमालेले निर्वाचन आयोगमा उजुरी दियो । ‘एबीसी टेलिभिजनले प्रचलित कानूनको उल्लंघन गरि, राज्यको सुविधा प्राप्त गरि दल विशेषको प्रचारलाई निरन्तरता दिएको र निर्वाचन आयोगको निर्देशन समेत पटक पटक उलंघन गरेकोले निर्वाचन अवधि सम्मको लागि उक्त टेलिभिजनको प्रसारण बन्द गर्नु गराउनुहुन अनुरोध गरिन्छ,[51]-अर्को पटक एमालेले निर्वाचन आयोगमा दिएको उजुरीमा उल्लेख गरिएको थियो । एबीसी टेलिभिजन र टिभी फिल्म विरुद्ध काँग्रेसले पनि निर्वाचन आयोगमा उजुरी दिएको थियो । काँग्रेसले माओवादीले चलाएको मेची महाकाली अभियानका क्रममा निर्वाचन संहिता उल्लंघन भएको भन्दै निर्वाचन आयोगमा उजुरी दिएको थियो ।

निर्वाचनको मुखैमा एमालेले आचार संहिताप्रति सचेत रहन सबैलाई आग्रह गऱ्यो-‘मौन अवधिका बेला जनताको स्वविवेकमा विश्वास नगर्ने कतिपय दलहरुबाट मतदातालाई अनेक प्रकारका प्रलोभनमा पार्ने, धाक धम्की दिने जस्ता गतिबिधि हुने सक्नेतर्फ जागरुक र सचेत रही त्यस्ता घटनाहरुको निगरानी राख्न सिंगो पार्टीपंक्तिलाई नेकपा एमाले आव्हान गर्दछ । साथै त्यसतर्फ गम्भीर भएर ध्यान दिन राष्ट्रिय

[46] एमाओवादीले १५ हजार नेपालीको ज्यान लिने बाहक अरु केही गरेन : खनाल । कार्तिक २७, २०७० । सेतोपाटीडटकम ।

[47] मोरङ र काठमाडौंमा एमाओवादीले पैसा बाँडेको नेपालको आरोप । कार्तिक २८, २०७० । सेतोपाटीडटकम ।

[48] कुइकेल, राजेश । कार्तिक २९, २०७० । एमाओवादी उल्टो बुद्धि भएकाहरुको पार्टी हो : ओली । सेतोपाटीडटकम ।

[49] पैसाको बलमा परिणाम लुटन खोजिए प्रतिवाद । कार्तिक २९, २०७० । सेतोपाटीडटकम ।

[50] निर्वाचन बुलेटिन । नेकपा एमाले केन्द्रीय निर्वाचन परिचालन कमिटी प्रचार-प्रसार समिति । कार्तिक २३, २०७० ।

[51] निर्वाचन बुलेटिन । नेकपा एमाले केन्द्रीय निर्वाचन परिचालन कमिटी प्रचार-प्रसार समिति । मंसिर २, २०७० ।

तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक, निर्वाचन आयोग र मानवाधिकारकर्मीहरुको पनि हामी ध्यानाकर्षण गराउदँछौ ।'[52] मौन अवधिमा समेत निर्वाचन अचारसंहिता विपरित सामग्री प्रकाशन/प्रशारण गरेको भन्दै निर्वाचन आयोगको मिडिया अनुगमन इकाईले ११ वटा दैनिक पत्रिका, ४ वटा साप्ताहिक र एउटा टेलिभिजनलाई २४ घण्टाभित्र स्पष्टिकरण माग गरेको थियो ।[53] मिडिया मध्ये सबैभन्दा विवादित बन्यो, एबीसी टेलिभिजन । मौन अवधिमा माओवादीको पक्षमा प्रचार गरिरहेको एबीसीलाई निर्वाचन आयोगले त्यस्ता गतिविधि नगर्न आग्रह गऱ्यो । तर, यसलाई एबीसीले टेर पुच्छर लगाएन । त्यसपछि आयोगले एबीसीलाई दुईदिनसम्म बन्द गराउन सरकारलाई निर्देशन दियो । सरकार, टेलिभिजन ब्रोडकास्टिङ एशोसियसन नेपाल र एबीसीका प्रतिनिधिबीच वार्ता भएपछि बन्द नगर्ने र एबीसीले आचार संहिता उल्लंघन नगर्ने सहमति भयो । त्यसपछि एबीसी टेलिभिजन बन्द भएन ।

निर्वाचनका बेला कयौ राजनीतिक दलका नेताहरुले निर्वाचन आचार संहिता उल्लंघन गरेका थिए । खासगरी गाडी र पर्चाको प्रकाशन तथा वितरणमा । त्यसप्रति आयोगले सुक्ष्म रुपमा अनुगमन गरेको अवस्था थिएन । निर्वाचनमा प्रत्यक्षतर्फका उम्मेदवारले जम्मा १० लाख रुपैयाँमात्र खर्च पाउने प्रावधान थियो । निर्वाचन आयोगले यसबारे राजनीतिक दल र उम्मेदवारको ध्यानाकर्षण त गरायो । तर, यतापट्टी धेरैको ध्यान गएन । आचारसंहिता सम्बन्धी निर्वाचन आयोगमा २०७० साल साउन ७ देखि मंसिर २ गतेसम्म १ सय ८७ वटा उजुरी परे । आचार संहिता उल्लंघनका १ सय ७७ वटा घटनामा आयोगले रोक लगायो ।

## निर्वाचन सम्पन्न

निर्वाचनप्रति सरकार पूर्ण रुपमा प्रतिबद्ध देखियो । ३३ दलीय मोर्चाले हडताल र चक्काजाम गरेपनि सरकार त्यसबाट कत्तिपनि विचलित भएन । बरु सुरक्षा प्रभावकारी पारेको भन्दै जनतालाई आश्वस्ता पार्ने प्रयास गरिरह्यो । निर्वाचन हुनु दुई दिनअघि राष्ट्रका नाममा सम्बोधन गर्दै मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले भनेका थिए-'नर्वाचनमा शान्ति सुरक्षाको महत्वलाई आत्मसात गर्दै निर्विघ्नतापूर्वक निर्वाचन सम्पन्न गर्न सरकारले विशेष सुरक्षा रणनीति अवलम्बन गरेको छ । राज्यको प्रथम दायित्व शान्तिसुरक्षा भएकाले सबैलाई सुरक्षाको प्रत्याभूति गराउन सरकार दृढ रहेको कुरा पटक-पटक सार्वजनिक भैसकेको छ । यता केही दिनदेखि निर्वाचन बहिष्कार गर्ने प्रयोजनका लागि आव्हान गरेको भनिएको बन्द र हड्ताललाई तिरष्कार गर्दै आमजनसमुदाय, नागरिक समाज, सञ्चारमाध्यम, व्यवसायी, उद्यमी लगायत सबैले स्वःस्फूर्त रुपमा अवज्ञा गरी जनजीवन सामान्य भइरहेको अवस्थाबाट हामी थप उत्साहित भएका छौँ ।'[54]

'हामी नेपालीहरु जस्तोसुकै परिस्थितिमा पनि आफ्नो देशको रुपान्तरण र अग्रगामी निकासका लागि एकजुट भएर कार्य गर्नसक्छौँ भन्ने कुराको जीवन्त उदाहरण प्रस्तुत गर्ने राष्ट्रिय महापर्व एवं ऐतिहासिक अवसरका रुपमा पनि यो निर्वाचन रहेको छ । यस अवसरको सदुपयोग गर्दै २०७० मंसिर ४ गतेको मतदान कार्यक्रममा आफ्नो मतदाता नामावली रहेको मतदान केन्द्रमा पुगी स्वतन्त्र विचार र विवेकका आधारमा आफूले रोजेको राजनीतिक दल र उम्मेदवारलाई निर्भिकतापूर्वक मतदान गरी राष्ट्रलाई सुखद भविष्यतर्फ उन्मुख गराउने कार्यमा सहभागी हुन सम्पूर्ण मतदाताहरुलाई विशेष आग्रहका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु, अध्यक्ष रेग्मीले भनेका थिए-

[52] निर्वाचन परिचालन समितिको सचिवालयका तर्फबाट प्रदीप नेपालले जारी गरेको प्रेस विज्ञप्ति । मंसिर २, २०७० ।

[53] निर्वाचन आयोगको मिडिया सेन्टरमा २०७० साल मंसिर २ गते प्रवक्ता वीरबहादुर राईले दिएको जानकारी ।

[54] अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले राष्ट्रका नाममा गरेको सम्बोधन । मंसिर २, २०७० ।

'साथै, मतदाताहरुको संविधानप्रदत्त मताधिकारको सुनिश्चित हुने गरी स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा मतदान कार्यक्रम सम्पन्न गर्न सरकारले प्रभावकारी सुरक्षा रणनीति अवलम्बन गरी सुरक्षा व्यवस्था अधिकतम् कडा पारिएकोले पूर्ण रुपमा निश्चिन्त र ढुक्क भई आफ्नो अमूल्य मताधिकारको प्रयोग गर्न सम्पूर्ण मतदाताहरुलाई पुनः आव्हान गर्दछु ।'[55] निर्वाचनलाई शान्तिपूर्ण बनाउन सरकार थप सक्रिय भयो । निर्वाचनको अघिल्लो दिन सुरक्षा निकायका प्रमुखसँग बैठक गरी मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले 'संविधानसभा निर्वाचनको मतदान कार्यक्रम सम्पन्न गरी मतपरिणाम सार्वजनिक नभएसम्म देश र जनताको सुरक्षाका लागि अहोरात्र खटिनुपर्ने अवस्था रहेकाले यस अवधिमा आवश्यक पर्ने सुरक्षा प्रबन्धको व्यवस्थापनका लागि हरक्षण तयारी अवस्थामा रहन मातहतका अधिकारीलाई निर्देश गर्न पनि सम्बद्ध सुरक्षा निकायका प्रमुखहरुको ध्यानाकर्षण'[56] गराए ।

बन्द हुँदाहुँदै पनि मंसिर ४ गते भव्यताका साथ दोस्रो संविधानसभा निर्वाचन सम्पन्न भयो । जनताले व्यापक उत्साहका साथ मतदाना भाग लिए । ३३ दलिय मोर्चाले निर्वाचनमा अवरोध गर्नका लागि उनीहरुले ठाउँठाउँमा अवरोध गर्नेदेखि बम राख्ने र मतपेटिका लुटने समेत प्रयास  गरे । दैलेख, रुकुम लगायतका जिल्लामा उनीहरुको प्रभाव बढी देखियो, जहाँ उनीहरुले निर्वाचनलाई बिथोल्न विशेष ध्यान केन्द्रीत गरेका थिए । निर्वाचन सामग्री लुटिएका कारण जुम्लाको देउपालस्थित त्रिभुवन उच्च मावि झारज्वाला (क) र (ख) केन्द्रको चुनाव मंसिर ७ गतेसम्मका लागि स्थगित गरियो ।

प्रहरी प्रधान कार्यालयका अनुसार निर्वाचनका दिन हिंसासँग जोडिएका १ सय ६ घटना भएका थिए । अधिकांश घटनामा ३३ दलीय मोर्चाको संलग्नता थियो ।

रोल्पाको थवाङका १३ वटा केन्द्रमा भने एउटा पनि मत खसेन । ३३ दलिय मोर्चाले आफ्नो शुन्य मतदानको रणनीति सफल भएको दाबी गरे । उता, एमाओवादी उम्मेदवार ओन्सरी पुनले पुन मतदानको माग गरिन । निर्वाचनमा भाग लिएका दलहरुले मतदान गर्नबाट जनतालाई माओवादीले अवरोध सिर्जना गरेको आरोप लगाए । तर अरु ठाउँमा अपेक्षा गरे भन्दा धेरै जनताले निर्वाचनमा भाग लिए । बन्दको प्रभाव शुन्य प्राय रह्यो । निर्वाचन आयोगले मतदाता संख्याको करिव ७० प्रतिशत मत खसेको बतायो । सबैभन्दा धेरै भक्तपुरमा ८६.५१ र सबैभन्दा कम रोल्पामा ५५ प्रतिशत मत खस्यो ।

निर्वाचन सम्पन्न भएकोमा सरकार, राजनीतिक दल लगायतले खुशीयाली व्यक्त गर्दै जनतालाई धन्यवाद दिए । मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले 'लोकतान्त्रिक व्यवहार र राष्ट्रको अग्रगामी रुपान्तरणप्रति जिम्मेवारीबोध गर्दै आफ्नो लागि आफै संविधान निर्माण गर्ने उत्कट चाहना व्यक्त गरी नेपाली जनताले आज गरेको मतदान कार्यक्रममा शान्तिपूर्ण र उत्साहजनक सहभागिता भएको भन्दै सम्पूर्ण नेपालीहरुको यस ऐतिहासिक भूमिकाको उच्च कदर र सराहना'[57] गरे । उनले 'देशको विशेष परिस्थितिमा सम्पन्न गर्नुपरेको संविधानसभा निर्वाचनका क्रममा केही नगण्य समूहबाट भएको बहिष्कार, चूनौती, फैलाउन खोजेको भय र त्रासको अवस्थालाई कत्तिपनि पर्वाह नगरी

[55] अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले राष्ट्रका नाममा गरेको सम्बोधन । मंसिर २, २०७० ।
[56] नेपाल सरकार मन्त्रिपरिषदका अध्यक्षको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । मंसिर ३, २०७० ।
[57] नेपाल सरकार मन्त्रिपरिषदका अध्यक्षको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । मंसिर ३, २०७० ।

निर्वाचनलाई अवरोध पुऱ्याउन भएका प्रयत्नलाई आम मतादाताहरुले स्वःस्फूर्त रुपमा अवज्ञा गरी सम्पन्न भएको आजको मतदानबाट नेपाली जनताको ऐतिहासिक विजय भएको'[58] पनि धारणा पनि व्यक्त गरे ।

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले प्रेस विज्ञप्ति निकाली 'संविधानसभाको निर्वाचन-२०७० आज छिट फुट सामान्य घटनाबाहेक जनताको व्यापक र उत्साहपूर्ण सहभागिता सहित शान्तिपूर्णरुपले सफल भएको छ । नेपाली जनताको सामूहिक विवेकको प्रदर्शनका रुपमा प्राप्तभएको यो ऐतिहासिक सफलताका लागि म आम नेपाली दिदीबहिनी, दाजुभाईहरुप्रति हार्दिक बधाई ज्ञापनगर्दछु । यो चूनौतीपूर्ण निर्वाचन सफल पार्न निर्वाचन आयोग, नेपाल सरकार, राजनैतिक दल एवं सामाजिक संघ-संस्था सबैको भूमिका प्रशंसनीय र बधाईयोग्य छ'[59]-भने । त्यसको भोलिपल्ट प्रेस विज्ञप्ति निकालेर काँग्रेस सभापति कोइरालाले पनि निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवाद दिए । कोइरालाको भनाइ थियो-'मुलुकमा शान्ति र स्थिरता कायम गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र एवं समावेशीतालाई संस्थागत गर्ने उद्धेश्य सहित २०७० मंसिर ४ गते संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा नेपाली काँग्रेस सबैप्रति हार्दिक अभिवादन गर्दछ । निर्वाचन लोकतन्त्रको आधार स्तम्भ हो । यो निर्वाचनले मुलुकलाई राजनीतिक दिशा र गति दिनेछ भन्ने विश्वास हामीले लिएका छौ । महत्वपूर्ण भूमिका निर्वाह गरेर यस अभियानलाई सफलतापूर्वक सम्पन्न गरेकोमा नेपाल सरकार, निर्वाचन आयोग, सबै सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दछु ।[60]

अमेरिका, संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय समुदायले पनि नेपाली जनतालाई धन्यवाद दिए ।।

मतदान भएपछि धाँधली भएको भन्दै केही ठाउँमा विवाद देखिए । गोर्खामा एकीकृत नेकपा माओवादीले धाँधली गरेको भन्दै काँग्रेस, एमाले, राप्रपा, राप्रपा नेपाल, अखण्ड नेपाल र राष्ट्रिय अखण्ड पार्टीले क्षेत्र नम्बर १ को १९, २ को ३ र ३ को ४ वटा मतदान केन्द्रमा पुन मतदान हुनुपर्ने माग गरे । र, मतगाणना अघि नबढाउन आग्रह गरे ।

मंसिर ५ गते १० बजेपछि मत गठना सुरू भयो । बुलुकासम्म आइपुग्दा काँग्रेस र एमालेको स्थिति राम्रो रहेको संकेत देखा परेको थियो भने एकीकृत नेकपा माओवादीको अवस्था कमजोर । रातीसम्ममा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले किर्तिपुरबाट निर्वाचन हार्ने स्पष्ट संकेत देखा परेका थिए । देशभर आफ्नो स्थिति कमजोर देखिएपछि माओवादी नेतृत्व झस्कियो । र, रातारात आकस्मिक बैठक गरेर निर्वाचनमा धाँधली भएको निष्कर्ष निकाल्दै मतदान केन्द्रमा रहेका आफ्ना प्रतिनिधिलाई फिर्ता बोलायो । माओवादी प्रवक्ता अग्नी सापकोटाले 'संविधानसभा निर्वाचनमा विभिन्न खाले षड्यन्त्र र चलखेलका कारण नेपाली जनताको अभिमत र अपेक्षा अनुसार जारी मतगणना प्रक्रिया अघि बढेको नदेखिएकोले यो प्रक्रियालाई यही स्थगित गर्न माग गर्ने निर्णय पार्टी केन्द्रीय कार्यालयको बैठकले गरेको यसै विज्ञप्ति मार्फत जानकारी गराइन्छ[61]-भने ।

माओवादीको आग्रहलाई निर्वाचन आयोगले ठाडै अस्वीकार गऱ्यो । प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले बिहान साढे ६ बजे पत्रकार सम्मेलन गरी निर्वाचनमा धाँधली नभएको र माओवादीले प्रतिनिधि फिर्ता बोलाउँदैमा निर्वाचन प्रक्रिया नरोकिने स्पष्ट पारे । 'विधिवत

[58] नेपाल सरकार मन्त्रिपरिषदका अध्यक्षको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । मंसिर ३, २०७० ।
[59] एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले जारी गरेको प्रेस विज्ञप्ति । मंसिर ४, २०७० ।
[60] नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले निकालेको प्रेस विज्ञप्ति । मंसिर ५, २०७० ।
[61] एकीकृत नेकपा माओवादीका प्रवक्ता अग्नी सापकोटाले निकालेको प्रेस विज्ञप्ति । मंसिर ६, २०७० ।

रुपमा निर्वाचन सम्पन्न भएपछि मतपेटिकाहरू सम्बन्धित जिल्लाका सदरमुकाममा ल्याई मत गणनाको कार्य निर्वाचन सम्बन्धी कानुन र विधि अनुसार भइरहेको छ। साथै केही जिल्लामा निरन्तर मतगणना कार्य सञ्चालन भई मत परिणाम प्राप्त भइरहेको छ। तसर्थ सम्पूर्ण नागरिक, राजनीतिक दल, आम मतदाता, नागरिक समाज, सञ्चारकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक एवं सम्बद्ध सबै सरोकारवालालाई मत गणनाको पूर्ण परिणाम आउने समयसम्म संयम् रहन आयोग हार्दिक अनुरोध गर्दछ'[62]-उप्रेतीको कथन थियो।

गोप्य मतदानबाट जनताले व्यक्त गरेको अभिमतलाई सम्मान गर्न सबै राजनीतिक दलसँग आग्रह गर्दै उप्रेतीले स्पष्ट पारे-'चालू निर्वाचन प्रक्रियालाई पूर्णता दिन निर्वाचन आयोग दृढ छ। जनताले स्वस्फुर्तरुपमा व्यक्त गरेको मतदाताको अमूल्य विश्वासलाई परिणामको रुपमा सार्वजनिक गर्ने कार्य स्वच्छ, स्वतन्त्र र विश्वसनीय प्रक्रियाबाट अघि बढाइरहेकोमा विश्वस्त रहन आयोग सबैसँग आग्रह गर्दछ।'[63]

सोही दिन पत्रकार सम्मेलन गरी माओवादीले निर्वाचनमा धाँधली र षडयन्त्र भएको आरोप लगाउँदै मतगण्ना प्रकृया स्थगन गर्न माग गर्‍यो। उसले 'मतगणना प्रक्रिया सुचारु राखे संविधानसभामै सहभागी नहुने चेतावनी'[६४] समेत दियो। यसले नेपाली राजनीतिमा अर्को तरङ ल्यायो। काँगेस उपसभापति रामचन्द्र पौडेलले 'माओवादीले हठात र रहस्यमय ढंगले आफ्ना प्रतिनिधि फिर्ता बोलाइ मतगणना बहिस्कार गरेर जनतालाई अपमान गरेको'[65] आरोप लगाए। उनले 'जनादेशलाई स्वीकार गरेर तदनुरुपको जिम्मोरी र भूमिका निर्वाह गर्नुपर्नेमा निर्वाचनमा आफू धेरै परेको प्रष्ट भएपछि गरिएको यो निर्णयले एनेकपा माओवादीको अलोकतान्त्रिक चरित्र एक पटक फेरि उदाङगो'[66] भएको टिप्पणी गरे। पौडेलले 'एनेकपा माओवादीलाई आफ्नो आवेशपूर्ण र अलोकतान्त्रिक निर्णयलाई सच्चाइ मतगणना कार्यमा सहभागी भइ जनताको सार्वभौमसत्तालाई स्वीकार गर्न आग्रह'[67] गरे।

एमाले अध्यक्ष झलनाथ खनालले पनि माओवादी निर्वाचन परिणामबाट हतास भएको आरोप लगाए। 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुद्वारा समेत निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र धाँधली रहित तरिकाले सम्पन्न भएको तथ्यहरु सार्वजनिक भइरहेको र स्वयम एनेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले मतदान सम्पन्न भए लगत्तै निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रुपमा सम्पन्न भएको वक्तव्य समेत जारी गरीसकेको परिप्रेक्ष्यमा अचानक मतगणना प्रकृया बहिस्कार गर्ने, संविधानसभामा सहभागी नहुने जस्तो जनमतलाई अपमानित गर्ने गलत निर्णय गरेको छ, एमाले अध्यक्ष खनालले भने-आमजनताको उत्साहमा सम्पन्न निर्वाचनलाई नकार्ने यस्तो गलत निर्णय अविलम्ब फिर्ता लिई मतगणना प्रकृयामा सामेल भई प्राप्त जनादेशलाई सम्मान गर्न र संविधान निर्माण प्रकृयामा समेत सहभागी हुन हाम्रो पार्टी एनेकपा (माओवादी)लाई हार्दिक आव्हान गर्दछ।'[68]

काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले पनि चुनावी परिणाम स्वीकार गर्न माओवादीलाई आग्रह गरे। माओवादी नेतृत्वले निर्वाचनको परिणामप्रति शंका गरिहेका बेला एकीकृत नेकपा माओवादीका तर्फबाट काठमाडौं क्षेत्र नम्बर ४ का उम्मेदवार बनेका नन्दकिशोर पुनले

---

[62] प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले निर्वाचन आयोगको तर्फबाट गरेको अनुरोध । मंसिर ६, २०७०।

[63] प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले निर्वाचन आयोगको तर्फबाट गरेको अनुरोध । मंसिर ६, २०७०।

[64] बिसी, गंगा। कार्तिक ७, २०७०। एमाओवादीद्वारा पुनरावलोकनको माग।

[65] नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले निकालेको प्रेस विज्ञप्ति। मंसिर ६, २०७०।

[66] नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले निकालेको प्रेस विज्ञप्ति। मंसिर ६, २०७०।

[67] नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले निकालेको प्रेस विज्ञप्ति। मंसिर ६, २०७०।

[68] नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले निकालको प्रेस विज्ञप्ति। मंसिर ६, २०७०।

खसेको मत भन्दा बढी मत खसेको भन्दै मतदान रद्द गर्न माग गर्दै संवैधानिक अदालतमा मुद्दा हाले । माओवादीले मतगणना छाडेर हंगामा मच्चिरहेका बेला मधेशी जनअधिकार फोरम नेपालले पनि मत परिणामले संघीयता र संविधान दुवै नबन्ने भन्दै मतगणना बहिस्कार गऱ्यो । उता, रुकुममा पनि मतगणनामा विवाद भयो । निर्वाचन निष्पक्ष नभएको भन्दै रुकुमको दुवै क्षेत्रमा काँग्रेसले मतगणना बहिस्कार गऱ्यो । स्वदेशी तथा विदेशीले धैर्य गर्न आग्रह गर्दै निर्वाचनको परिणामलाई स्वीकार गर्न र धाँधली भए कानून सम्मत रुपमा अघि बढन माओवादीलाई सुझाव दिए । त्यसपछि पनि माओवादीले धाँधली भएको भन्ने कुरालाई स्थापित गर्न भरमजदुर प्रयास गरे । उनीहरुले जनताले मत दिएको तर बीचबाटै मतलाई अपहरण गरिएको आरोप लगाए । माओवादीले सुरक्षाकर्मीसँगको मिलोमतोमा निर्वाचनमा धाँधली भएको आरोप लगाए । त्यसलाई निर्वाचन आयोगले प्रतिवाद गऱ्यो । प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले 'राजनीतिक दलहरु समेतको सहभागितामा तर्जुमा भएका निर्वाचन सम्बन्धी कानून तथा अन्तर्राष्ट्रिय रुपमा स्थापित विधि, प्रकृया र मापदण्डको उच्चतम परिपालन गरी यो निर्वाचनको व्यवस्थापन गरिएको सर्वविधितै छ । यसबाट स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनिय निर्वाचन सम्पन्न भएकोमा कुरामा निर्वाचन आयोग विश्वस्त छ र यस विषयमा सबै सरोकारवालालाई आश्वस्त रहन आग्रह गर्दछ'[69]भने । 'मतदानस्थलबाट निर्वाचनमा सहभागी राजनीतिक दल र उम्मेदवारका प्रतिनिधिहरुको रोहबारमा सिलबन्दी गरिएका मतपेटिकाहरु उहाँहरु समेतको  सहभागितामा सुरक्षित रुपमा सदरमुकामस्थित मतगणना स्थलमा ल्याएका हुन् । मतगणना स्थल समेत सिलबन्दी मतपेटिकाको पुन : जाँच जरी मत गणना कार्य अगाडि बढेपछि केही राजनीतिक दलहरुबाट निर्वाचनको निष्पक्षतामा प्रश्न उठाइएनु दुःखद कुरा हो'[70]-आयोगको भनाइ थियो ।

यसैबीच माओवादी अध्यक्ष दाहालले राष्ट्रपति रामवरण यादवसँग भेट गरे । भेटमा यादवले निर्वाचनको परिणामलाई लिएर समग्र राजनीतिक प्रकृयाबाट अलग नहुन दाहाललाई आग्रह गरे । एमाले नेता केपीशर्मा ओलीले लोकतान्त्रिक प्रणाली अनुसार निर्वाचनमा सहभागी भएपछि त्यसको परिणाम सहज रुपमा स्वीकार गर्नुपर्नेमा जोड दिए ।

निर्वाचनको परिणाम अवस्भाविक आएपछि आत्तिएको माओवादी नेतृत्वले पूर्व पोलिटब्यूरो सदस्य, राज्य संयोजकहरुको बैठक गऱ्यो । त्यसमा पनि निर्वाचनमा षडयन्त्र भएको आवाज दह्रो भयो । । सोही अवधिमा माओवादी अध्यक्ष दाहाल र एमालेका वरिष्ठ नेता माधवकुमार नेपालबीच भेट भयो । यस्तै दाहाल र काँग्रेस सभापति सुशील कोइरालाबीच पनि भेट भयो । भेटमा दुवै नेताहरुले माओवादीलाई निर्वाचन प्रकृयाबाट अलग नहुन आग्रह गरे । माओवादी अध्यक्ष दाहालले निर्वाचन बहिस्कार गरेको नेकपा माओवादीका नेताहरुसँग पनि भेटघाट गरे ।

निर्वाचनको पर्यवेक्षण गरेका विभिन्न संघसंस्थाले पनि निर्वाचन शान्तिपूर्ण रुपमा नै भएको भन्ने प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरे । 'कार्टर सेन्टर, युरोपेली यूनियन निर्वाचन पर्यवक्षण मिसन र क्षेत्रिय पर्यवक्षण एसिया नेटवर्क अफ फ्री इलेक्सनले बुधबार निर्वाचन पर्यवेक्षण सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै चुनाव शान्तिपूर्ण रुपमा सम्पन्न भएको भन्दै माओवादीलाई जनमत स्वीकार्न सुझाव दिएका थिए ।[71] लोकतन्त्र र निर्वाचन पर्यवेक्षण (डीयु नेपाल) ले सबै मतदान केन्द्रमा दलका प्रतिनिधिहरुले मतपेटिकाको सिल नम्बर टिपोट गरेको, मतदान अधिकृतले मतदान सकिएपछि प्रयोग भएका र नभएका मतपत्रको गणना सहित मुचुल्का उठाएको भन्ने प्रराम्भिक

[69] प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले निकालेको प्रेस विज्ञप्ति । मंसिर ८, २०७० ।
[70] प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले निकालेको प्रेस विज्ञप्ति । मंसिर ८, २०७० ।
[71] परिणाम स्वीकार्न अन्तर्राष्ट्रिय समुदायको सुझाव । मंसिर ८, २०७० । कान्तिपुर, पृष्ठ ३ ।

प्रतिवेदन सार्वजनिक गऱ्यो ।[72] 'राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले पनि प्रतिवेदन सार्वजनिक गर्दै चुनाव निष्पक्षतापूर्वक नै सम्पन्न भएको निष्कर्ष निकालेको'[73] थियो ।

निर्वाचनमा थोरै जनमत प्राप्त भएका पार्टीहरुले मोर्चा जस्तै बनाए । माओवादी अध्यक्ष दाहालले नेतृत्व गरेको सो मोर्चाको १० मंसिरमा बसेको बैठकले निर्वाचनको पुनरावालोकन गर्न उच्चस्तरीय छानविन समिति गठन गर्न माग गऱ्यो । बैठकले भन्यो-'यस निर्वाचनको परिणामले अस्वभाविक, अविश्वसनिय, नियोजित र धाँधलीपूर्ण भएको विभिन्न तथ्य र घटनाक्रमले स्पष्ट पारेका छन् । यसको कडा विरोध गर्दै यस निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रियाको सत्यतथ्य जनता समक्ष ल्याउन उच्चसस्तरीय स्वतन्त्र छानविन आयोग गठन गरियोस भनी बैठक जोड दार माग गर्दछ ।[74] माओवादीको केन्द्रीय कमिटीको पूर्ण बैठकको निर्णय थियो -'संविधानसभाको निर्वाचनमा संविधानसभा र परिर्वतनको मूल बाहक शक्ति हाम्रो पार्टी एकीकृत नेकपा (माओवादी) र अन्य कतिपय पार्टीहरु र सारतः प्राप्त उपलब्धी र परिवर्तनका बिरुद्धमा यथास्थितिवादीका पक्षमा व्यापक षड्यन्त्र एवम् धाँधली भएकोले धाँधलीका बिषयमा तत्काल उच्चस्तरीय स्वतन्त्र छानबिन आयोग गठन गरी छानबिन गर्न माग गर्दछ ।' बैठकले धाँधली र षडयन्त्रका विभिन्न रुप र तथ्य संकलन गरी १ हप्ताभित्र प्रतिवेदन प्रस्तुत गर्न भन्दै पाँच सदस्यीय कार्यदल गठन गऱ्यो ।[75] त्यतिमात्र होइन, बैठकले तत्कालिन रणनीति पनि बदल्दै 'अन्तरिम संविधानमा संशोधन गरी संविधान निर्माण एवम् सबै पक्षहरुमा सहमतिय प्रणाली स्थापित गर्ने, संविधानसभाको निर्वाचनमा सहभागी नभएका शक्तिहरुलाई पनि संविधान निर्माणमा सहभागी गराउन उपयुक्त विधिसहित आवश्यक पहल गर्ने'[76] लगायतका निर्णय गऱ्यो । माओवादी लगायतका मोर्चाले उच्चस्तरीय समिति बनाएर निर्वाचनको पुनरावलोकन गर्न मागलाई निरन्तर रुपमा उठाए । उनीहरु निर्वाचन आयोगमा पुगेर निर्वाचनमा धाँधली भएको भन्दै उच्चस्तरीय समिति बनाएर छानविन गर्न माग गरे । त्यसलाई निर्वाचन अस्वीकार गर्दै आयोगले भन्यो-'संवैधानिक निकायले गरेको निष्पक्ष कामको छानविन गर्ने व्यवस्था छैन ।'[77]

माओवादी लगायतका पार्टीहरुले जुन माग उठाए, त्यसलाई धेरै पक्षले सकारात्मक रुपमा लिएनन । उनीहरुले त्यसबारे संवैधानिक अदालतमा जान माओवादी लगायतका मोर्चालाई आग्रह गरे । सोलुखुम्बुका माओवादीका उम्मेदवार गोम्बु शेर्पाले निर्वाचन र मतगणनामा धाँधली भएको भन्दै संविधानसभा अदालतमा मुद्दा हाले ।

निर्वाचनको परिणाम आए लगत्तै विदेशीको सक्रियता पनि व्यापक बढ्यो । अमेरिकी, भारतीय, चिनीया, बेलायती र युरोपियन यूनियनका राजदूत तथा प्रतिनिधिहरुले एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, नेपाली काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, काँग्रेस सभापति सुशील कोइलारा, एमाले अध्यक्ष झलनाथ खनाल, एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष बाबुराम भट्टराई लगायतसँग भेट गरे । निर्वाचनको अनुगमन गर्न भन्दै आएका जिम्मी कार्टर पनि साक्रिय नै भए । 'अमेरिकी राजदूत पिटर डब्लु बोडे र

[72] परिणाम स्वीकार्न अन्तर्राष्ट्रिय समुदायको सुझाव । मंसिर ८, २०७० । कान्तिपुर, पृष्ठ ३ ।
[73] धाँधली भए प्रमाण ल्याउनुहो । मंसिर ७, २०७० । कान्तिपुर, पृष्ठ ३ ।
[74] एकीकृत नेकपा माओवादी, संघीय समाजवादी पार्टी, सदभावना पार्टी, संघीय गणतान्त्रिक समाजवादी पार्टी, तराइ मधेश लोकतान्त्रिक पार्टी, मधेशी जनअधिकार फोरम, राष्ट्रिय मुक्ति मोर्चा, नेपा पार्टी, नेपाली जनता दल र मधेशी जनअधिकार फोरम गणतान्त्रिक ।
[75] कार्यदलमा वर्षमान पुन, रामचन्द्र झा, खिमलाल देवकोटा, रामनारायण विडारी र जनकराज जोशी रहेका थिए ।
[76] एकीकृत नेकपा माओवादीको केन्द्रीय कमिटीको पूर्ण बैठकको निर्णय । मंसिर १०, २०७० ।
[77] संवैधानिक निकायले गरेको निष्पक्ष कामको छानविन गर्ने व्यवस्था छैन : आयोग । मंसिर १३, २०७० ।

यरोपेली युनियनमा सम्बद्ध राजदूतहरुले एमाओवादी पुष्पकमल दाहाललाई छुट्टाछुट्टै भेटेर लोकतान्त्रिक प्रक्रियालाई स्वीकारी जनताको मतलाई कदर गर्न आग्रह गरेका'[78] थिए ।

## शक्ति सन्तुलनमा फेरबदल

निर्वाचनमा प्रत्यक्षतर्फ १ सय २२ वटा राजनीतिक दलले प्रतिष्पर्धा गरेका थिए । निर्वाचनको परिणामलाई लिएर विभिन्न अडकलबाजी चलिरहेका थिए । खासगरी एकीकृत नेकपा माओवादी, नेपाली काँगेस, नेकपा एमालेले आफूहरु ठूलो हुने दाबी गरेका थिए । निर्वाचनमा माओवादी, काँग्रेस र एमालेमा तीव्र प्रतिष्पर्धा हुने अनुमान गरिएपनि माओवादी नै ठूलो पार्टी हुन सक्छ भन्ने अडकल थियो । चुनावी प्रचार पनि अरु दलको भन्दा माओवादीको केही भिन्न थियो । काँग्रेस र एमालेका शिर्ष नेताहरुले धेरै आफ्नो क्षेत्रमा केन्द्रीत भएका बेला माओवादीका नेताहरु मेची महाकाली अभियानमा जुटेका थिए । उनीहरुमा जोश जाँगर अलि बढी नै थियो । तर, निर्वाचनको परिणाम माओवादीको पक्षमा गएन । माओवादी अध्यक्ष पुष्पकमल दाहालले काठमाडौबाट निर्वाचन हारे भने बाबुराम भट्टराई रुपन्देहीमा पराजित भए । यस्तै नारायणकाजी श्रेष्ठ मकवानपुर, पोष्टबहादुर बोगटी नुवाकोट, वर्षमान पुन मोरङ, हिसिला यमी काठमाडौंबाट पराजित भए । २ सय ४० क्षेत्र मध्ये माओवादीले मात्र २६ स्थान हात पाऱ्यो भने अघिल्लो संविधानसभा निर्वाचनमा दोस्रो भएको नेपाली काँग्रेसको १ सय ५ र तेस्रो शक्ति रहेको एमालेले ९१ स्थानमा विजयी हासिल गऱ्यो ।

### संविधानसभा सदस्य निर्वाचन, २०७०

### पहिलो हुने निर्वाचित हुने निर्वाचनको मत गणनाको अन्तिम परिणाम

| पार्टीगत अवस्था | | उम्मेदवार |
|---|---|---|
| क.स. | राजनैतिक दल/स्वतन्त्र | |
| १ | नेपाली काँग्रेस | १०५ |
| २ | नेकपा एमाले | ९१ |
| ३ | एकीकृत नेकपा माओवादी | २६ |
| ४ | मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) | ४ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ४ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३ |
| ७ | मधेशी जनअधिकार फोरम, नेपाल | २ |
| ८ | स्वतन्त्र | २ |

[78] परिणाम स्वीकार्न अन्तर्राष्ट्रिय समुदायको सुझाव । मंसिर ८, २०७० । कान्तिपुर, पृष्ठ ३ ।

| | | |
|---|---|---|
| ९ | नेपाल मजदुर किसान पार्टी | १ |
| १० | सदभावना पार्टी | १ |
| ११ | तराई मधेश सदभावना पार्टी नेपाल | १ |
| | जम्मा | २४० |

*स्रोत : निर्वाचन आयोग*

तराई मेधश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, सहउपाध्यक्ष हृदयेश त्रिपाठी, सद्भावना पार्टीका राजेन्द्र महतो लगायत पराजित भए भने मेधशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारले एक एक स्थानमा हारे । दलगत रुपमा हेर्दा काँग्रेस पहिलो, एमाले दोस्रो, माओवादी तेस्रो भए । निर्वाचनको परिणाम मूलत काँग्रेस र एमालेको पोल्टामा गयो । निर्वाचनबाट तराई मधेश केन्द्रीत दलहरु खुम्चिए ।

| क्र.स. | राजनैतिक दल | प्राप्त मत |
|---|---|---|
| १ | नेपाली काँग्रेस | २४१८३७० |
| २ | नेपाल कम्यूनिष्ट पार्टी (ए. मा. ले) | २२३९६०९ |
| ३ | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १४३९७२६ |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ६३०६९७ |
| ५ | मधेशी जनअधिकार फोरम, नेपाल(लोकतान्त्रिक) | २७४९८७ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २६०२३४ |
| ७ | मधेशी जनअधिकार फोरम, नेपाल | २१४३१९ |

| | | |
|---|---|---|
| ८ | तराई–मधेश लोकतान्त्रिक पार्टी | १८११४० |
| ९ | सद्भावना पार्टी | १३३२७१ |
| १० | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) | १३०३०० |
| ११ | सङ्घीय समाजवादी पार्टी, नेपाल | १२१२७४ |
| १२ | राष्ट्रिय जनमोर्चा | ९२३८७ |
| १३ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ९१९९७ |
| १४ | राष्ट्रिय मधेश समाजवादी पार्टी | ७९५०८ |
| १५ | नेपाल मजदुर किसान पार्टी | ६६७७८ |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | ६३८३४ |
| १७ | तराई मधेश सदभावना पार्टी नेपाल | ६२७४६ |
| १८ | थरुहट तराई पार्टी नेपाल | ६२५२६ |
| १९ | नेपाल परिवार दल | ५१८२३ |
| २० | दलित जनजाति पार्टी | ४८८०२ |
| २१ | अखण्ड नेपाल पार्टी | ३६८८३ |
| २२ | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | ३३९८२ |

| | | |
|---|---|---|
| २३ | नेपाली जनता दल | ३३२०३ |
| २४ | खम्वुवान राष्ट्रिय मोर्चा, नेपाल | ३०६८६ |
| २५ | नेपाः राष्ट्रिय पार्टी | २८०११ |
| २६ | जनजागरण पार्टी नेपाल | २७३९७ |
| २७ | संघीय सद्भावना पार्टी | २५२१५ |
| २८ | मधेश समता पार्टी नेपाल | २३००१ |
| २९ | समाजवादी जनता पार्टी | २१६२४ |
| ३० | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | २११२८ |
| ३१ | संघीय गणतान्त्रिक समाजवादी पार्टी, नेपाल | १८६३१ |
| ३२ | नेपाल कम्युनिष्ट पार्टी | १८१४० |
| ३३ | नेपाल युवा किसान पार्टी | १६२०४ |
| ३४ | नेपाल जनता पार्टी | १५६५० |
| ३५ | नेपाल सद्भावना पार्टी | १५५७८ |
| ३६ | खस समावेशी राष्ट्रिय पार्टी | १५२२५ |
| ३७ | तराई मधेश पहाड हिमाल एकता पार्टी | १२४६६ |

| | | |
|---|---|---|
| ३८ | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल | १२३३४ |
| ३९ | मधेश तराई फोरम | ११२८६ |
| ४० | राष्ट्रिय स्वाभिमान पार्टी नेपाल | ११२७० |
| ४१ | लोक दल | १०९५३ |
| ४२ | जनता दल नेपाल | १०६४५ |
| ४३ | नेपाल लोकतान्त्रिक समाजवादी दल | १०३५९ |
| ४४ | जनता दल लोकतान्त्रिक पार्टी | १००१८ |
| ४५ | जन प्रजातान्त्रिक पार्टी | ८६४५ |
| ४६ | शिवसेना नेपाल | ८४१६ |
| ४७ | पिछडावर्ग निषाद दलित जनजाति पार्टी | ८३३२ |
| ४८ | मंगोल नेशनल अर्गनाइजेशन | ८२१५ |
| ४९ | नव नेपाल निर्माण पार्टी | ८११९ |
| ५० | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | ७९७५ |
| ५१ | नेपाल कम्युनिष्ट पार्टी (मालेमा) साम्यवादी | ७७८१ |
| ५२ | नेपाल शान्ति क्षेत्र परिषद् | ७७५७ |

| | | |
|---|---|---|
| ५३ | नेपाल गणतान्त्रिक एकता पार्टी | ७१७८ |
| ५४ | संघीय लिम्बुवान राज्य परिषद | ७०६३ |
| ५५ | विश्व सत्यवादी पार्टी | ६६६६ |
| ५६ | सहकारी पार्टी नेपाल | ६१४१ |
| ५७ | राष्ट्रिय जनता दल नेपाल | ६०९७ |
| ५८ | शान्ति पार्टी नेपाल | ६०३२ |
| ५९ | संघीय समावेशी समाजवादी पार्टी, नेपाल | ५९७८ |
| ६० | गरीब एकता समाज पार्टी, नेपाल | ५८५९ |
| ६१ | मधेशी जनअधिकार फोरम मधेश | ५८१४ |
| ६२ | राष्ट्रिय यथार्थवादी पार्टी नेपाल | ५५०५ |
| ६३ | नेपालआमा पार्टी | ५४९१ |
| ६४ | जनता दल युनाइटेड | ५३९६ |
| ६५ | राष्ट्रिय शिवसेना पार्टी | ५३७१ |
| ६६ | राष्ट्रिय मधेश बहुजन समाजवादी पार्टी | ५३०१ |
| ६७ | संयुक्त राष्ट्रवादी | ५२२५ |

| | | |
|---|---|---|
| | मोर्चा नेपाल | |
| ६८ | राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल | ५२१६ |
| ६९ | चुरेभावर लोकतान्त्रिक पार्टी | ५०८५ |
| ७० | नेपाल नागरिक पार्टी | ४८६१ |
| ७१ | नेपाल लेबर पार्टी | ४८३७ |
| ७२ | नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी) | ४८२४ |
| ७३ | राष्ट्रिय नागरिक पार्टी | ४६६८ |
| ७४ | चुरेभावर राष्ट्रिय पार्टी | ४६५० |
| ७५ | नेपाल सद्भावना पार्टी (युनाइटेड) | ४५७८ |
| ७६ | बहुजन समाज पार्टी नेपाल | ४५२२ |
| ७७ | जनतान्त्रिक तराई मधेश मुक्ति टाइगर्स | ४३७० |
| ७८ | हिन्दु प्रजातान्त्रिक पार्टी, नेपाल | ४२१५ |
| ७९ | नयाँ नेपाल राष्ट्रिय पार्टी | ४१४० |
| ८० | जनयुनिटी को–अपरेटिभ पार्टी नेपाल | ४०६६ |
| ८१ | नेपाल समावेशी | ३८८२ |

| | | |
|---|---|---|
| | पार्टी | |
| ८२ | देशभक्त समाज | ३८६६ |
| ८३ | लिम्बुवान मुक्ति मोर्चा | ३७४८ |
| ८४ | लिबरल डेमोक्रेटिक पार्टी | ३७२१ |
| ८५ | नेपाल जनसमावेशी एकता पार्टी | ३६७४ |
| ८६ | नेपाल कम्युनिष्ट पार्टी (माले–समाजवादी) | ३६६१ |
| ८७ | जनता पार्टी नेपाल | ३५९५ |
| ८८ | राष्ट्रिय चुरेभावर पार्टी | ३४८४ |
| ८९ | नेपाल गौरवशाली पार्टी | ३३८८ |
| ९० | नेपाल राष्ट्रिय विकास पार्टी | ३३७३ |
| ९१ | राष्ट्रिय एकता पार्टी | ३३६५ |
| ९२ | सोसल रिपब्लिकन पार्टी | ३३६० |
| ९३ | देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा | ३२९३ |
| ९४ | युनाइटेड ग्रीन अर्गनाइजेशन | ३२२९ |
| ९५ | जनमोर्चा नेपाल | ३१८१ |

| | | |
|---|---|---|
| ९६ | नेपाल राष्ट्रसेवा दल | ३१२७ |
| ९७ | लोकतान्त्रिक पार्टी–नेपाल | ३१०७ |
| ९८ | राष्ट्रिय जन विकास पार्टी | ३१०२ |
| ९९ | मातृभूमि नेपाल दल | ३०९९ |
| १०० | नयाँ संघीयता जनधारणा पार्टी | ३००७ |
| १०१ | नेपाल राष्ट्रिय यातायात विकास दल | २९५२ |
| ११३ | ॐ सेना नेपाल | २०११ |
| ११४ | हरियाली नेपाल पार्टी | १९२७ |
| ११५ | नेपाल मधेशी जनता दल (समाजवादी) | १९०२ |
| ११६ | नेपाल श्रमजिवी दल | १८९१ |
| ११७ | युवा शक्ति नेपाल पार्टी | १८२० |
| ११८ | लिग नेपाल शान्ति एकता पार्टी | १८१३ |
| ११९ | लोकतान्त्रिक जनता पार्टी नेपाल | १७२९ |
| १२० | तराई पहाड हिमाल समाज पार्टी | १६९७ |

| | | |
|---|---|---|
| १२१ | राष्ट्रिय लोकतान्त्रिक युवा पार्टी | ११९१ |
| १२२ | नेपाली जनता पार्टी | ९९६ |
| जम्मा | | ९४६३८६२ |

**स्रोत : निर्वाचन आयोग**

## काँग्रेस र एमालेमा विवाद

निर्वाचनको परिणापछि काँग्रेस पहिलो र एमाले दोस्रो भए । त्यसपछि सरकार गठनबारे बहस सुरू भयो । दुवै पार्टीले जनताले मिलेर शान्ति र संविधानका लागि अघि बढ्न आफूहरुलाई सन्देश दिएको बताए । 'निर्वाचनबाट ठूलो राजनीतिक शक्तिको हैसियत प्राप्त हुने देखेपछि नेपाली काँग्रेसले सरकारको नेतृत्व दाबी'[79] गर्न थाल्यो । महामन्त्री प्रकाशमान सिंहले भने-'सहमतिबाटै सरकार निर्माण र संविधान जारी गर्न चाहान्छौ । तर भएन भने केही नगरी बस्न मिल्दैन । एक वर्षभित्र संविधान जारी गर्नुपर्छ । त्यसका लागि बहुमतबाट पनि अघि बढनुपर्ने अवस्था हुन सक्छ ।'[80] दोस्रो ठुलो शक्ति हुने स्थिति सिर्जना भएपछि एमाले नेताहरुले शक्ति बाँडफाँडको कुरा अघि सारे । एमाले अध्यक्ष झलनाथ खनाले 'केही सिट तलमाथि भएपनि राज्य सञ्चालनका सबै पद र क्षेत्रमा सन्तुलन मिलाएर जानुपर्ने'[81] बताए । एमालेले नेताहरुले सार्वजनिक रुपमा नै शक्ति बाँडफाँड कुरा उठाए । जसमा प्रधानमन्त्री, राष्ट्रपति, सभामुख लगायतका विषय जोडिएको थियो । त्यसपछि बसेको काँग्रेस केन्द्रीय समितिको अनौपचारिक बैठकले राष्ट्रपतिबारे निर्वाचन हुन नसक्ने निष्कर्ष निकाल्यो । र, 'राष्ट्रपतिको निर्वाचन अन्तरिम संविधानकै व्यवस्थानुसार हुने अडान'[82] लिने निर्णय गऱ्यो । अन्तरिम संविधानमा नयाँ संविधान जारी नहुँदासम्म राष्ट्रपति रहने उल्लेख छ ।

यसबीचमा काँग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालबीच भेटवार्ता भयो । उनले सभापति कोइरालालाई सरकारको नेतृत्वको प्रस्ताव लिन प्रस्ताव गरे । संविधान निर्माणका लागि सहकार्य गर्नमा दुवै नेता सहमत भएपनि । शक्ति बाँडफाँडमा भने उनीहरु टुंगोमा पुगेनन । खनालसँगको भेटपछि कोइरालाले 'सहमतिको सरकार निर्माणमा सक्रियता'[83] देखाए । काँग्रेसले संविधान नै व्यवस्था नभएको भन्दै संविधान जारी नहुँदासम्म राष्ट्रपति फेर्न नहुने पक्षमा देखियो । काँग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले भने-'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने न कुनै सैवैधानिक प्रावधान छ न कुनै कानूनी प्रबन्ध नै ।'[84] काँग्रेसका नेतामा अंहकारको

[79] न्यौपाने, कुलचन्द्र । मंसिर १२, २०७० । सरकारको नेतृत्वमा काँग्रेसको दाबी । कान्तिपुर, पृष्ठ १ ।
[80] न्यौपाने, कुलचन्द्र । मंसिर १२, २०७० । सरकारको नेतृत्वमा काँग्रेसको दाबी । कान्तिपुर, पृष्ठ १ ।
[81] आलोपालो गर्नुपर्छ : एमाले । मंसिर १२, २०७० । कान्तिपुर, पृष्ठ १ ।
[82] न्यौपाने, कुलचन्द्र । मंसिर १३, २०७० । काँग्रेस संशोधनको विपक्षमा । कान्तिपुर, पृष्ठ १ ।

[83] न्यौपाने, कुलचन्द्र । मंसिर १५, २०७० । सत्ताको सिढि चढ्दै । कान्तिपुर, पृष्ठ १ ।
[84] राष्ट्रपति यथावत : सिटौला । मंसिर १४, २०७०। सेतोपाटीडटकम ।

झिल्को देखिएको भन्दै एमाले नेता केपीशर्मा ओलीले भने-'यो पनि, उ पनि, त्यो पनि म नै भन्न थाल्यो भने हुँदैन । सबै एउटालाई सुम्पेर एमाले लगायतका अरु पार्टीचाहिँ थपडी मारेर मात्र बस्ने ?'[85] माओवादी लगायतका दलहरुले निर्वाचनको पुनरावलनका लागि उच्चस्तरीय छानविन समिति गठन नहुँदासम्म समानुपातिक तर्फको नाम नपठाउने कुरा अघि सारे । समानुपतिकतर्फको परिणाम अनुसार सिट संख्या टुंगो लागिनसकेकाले सरकार निर्माणको प्रकृयाले गति लिन सकेन ।

**निष्कर्ष**

३३ दलीय मोर्चाले निर्वाचन बिथोल्न हरमजदुर प्रयास गरेपनि अन्ततः उनीहरु असफल भए । व्यापक उत्साहका साथ जनताले संविधानसभाको दोस्रो निर्वाचनमा भाग लिए । चुनावको परिणामले २०६४ सालबाट स्थापित दलहरुको राजनीतिक हैसियत बदलिदियो । काँग्रेस पहिलो शक्तिको रुपमा उदायो भने एमाले दोस्रो भयो । पहिचान र जातिताको नारालाई अघि सारेका दलहरुलाई जनताले स्वीकार गरेको पाइएन ।

निर्वाचनको परिणाम आफ्नो पक्षमा नआएपछि माओवादीले निर्वाचनमा संस्थागत धाँधली भएको आरोप लगायो । माओवादीलाई मतपरिणाम स्वीकार गर्न निकै कठिन भयो । त्यसैले उसले निर्वाचनबाट कमजोर बनेका दलहरुको साथ लिएर मोर्चाबन्दी गर्ने प्रयास गर्‍यो । र, आफ्ना माग पूरा नभएसम्म समानुपातिकतर्फ उम्मेदवारको सूची नपठाउने भन्दै राजनीतिक रुपमा खोचे थाप्न सुरू गर्‍यो । सहमतिको राजनीति गर्ने भन्दै आएका काँग्रेस र एमालेले त्यसपछि स्पष्ट निर्णय लिन सकेनन । उनीहरु पुन सहमतिको गोलचक्करमा फसे । सरकार गठनबारे पनि दुईदलबीच समझदारी हुन सकेन । काँग्रेस राष्ट्रपतिलाई छुन नहुने पक्षमा उभियो भने एमाले राष्ट्रपति फेर्ने पक्षमा । दुई दलबीच विवाद जारी रहेका बेला एकीकृत नेकपा माओवादी, मेधशवादी दलहरुबीच सहमति भइ संविधानसभाले तत्काल पूर्णता पाउने अवस्था सिर्जना भएन । जसले गर्दा सरकार गठनको प्रकृया लम्बियो । काँग्रेस, एमाले, एमाओवादीले नेतृत्व गरेको मोर्चा र नेकपा माओवादीले नेतृत्व गरेको मोर्चाका अलग अलग बाटा तथा मागका कारण संविधानसभाको निर्वाचनपछि पनि राजनीतिले स्पष्ट दिशा लिन सकेन ।

[85] सहमतिबाट सरकार, संविधान निर्माण : ओली । मंसिर १६, २०७० । कान्तिपुर, पृष्ठ १ ।

विदेशबाट के के आयो

*चीनले २२ करोड र जापानले १३ करोड बराबरका खुदा सामग्री सहयोग गरे भने भारतले ४८ वटा गाडी दियो ।*

चीनबाट के आयो

| विवरण | संख्या |
|---|---|
| कालो कलम | २१८७५ |
| रातो कलम | २१८७५ |
| मार्कर | २१८७५ |
| थमपिन | २१८७५ |
| क्लीप | २१८७५ |
| रुलर | २१८७५ |
| स्टायाम्पप्याड | २१८७५ |
| घडी | २१८७५ |
| कैंची | २१८७५ |
| स्ट्याप्लर | २१८७५ |
| स्टयाप्लर पिन | २१८७५ |
| ग्लुस्टिक | २१८७५ |
| क्यालकुलेटर | २१८७५ |
| पन्चिङ मिसन | २१८७५ |
| इन्कप्याड | २१८७५ |

*स्रोत : नयाँ पत्रिका*

जापानी सहयोग

| विवरण | संख्या |
|---|---|
| छेकबारा हल्का रातो | २२७०० |
| छेकबारा हल्का निलो | २१८७५ |
| मतपेटिका | २०००१६ |
| सुरक्षण सिल ( हरियो) | ४३८००० |
| सुरक्षण सिल ( सुन्तला) | ८८००० |

| | |
|---|---|
| **सुरक्षण सिल ( सेतो)** | **२१९००** |
| **सुरक्षण सिल ( हल्का निलो)** | **८८०००** |
| **मतपत्र स्टिकर ( हल्का रातो)** | **५४४२५** |
| **मतपत्र स्टिकर ( हल्का निलो)** | **५३१९०** |

***स्रोत : नयाँ पत्रिका***

**भारतीय सहयोग**

| गाडी | संख्या |
|---|---|
| **पिकअप भ्यान** | **४०** |
| **मिनी ट्रक** | **३** |
| **जीप** | **५** |

***स्रोत : नयाँ पत्रिका दैनिक***

**हिंसात्मक घटना**

| | |
|---|---|
| **कार्तिक १४** | अज्ञात समूहद्वारा पोखरामा निर्वाचन प्रशिक्षण कार्यक्रममा आक्रमण ।<br><br>एकीकृत नेकपा माओवादीद्वारा काँग्रेस गोर्खा क्षेत्र नम्बर २ को छोप्राक गाविसको चुनावी कार्यालय तोडफोड ।<br><br>धरानमा संघीय समाजवादी र एमालेबीच विवाद । एमालेका युवा संघका नेताद्वारा हवाइ फायर ।<br><br>काँग्रेस दाङ क्षेत्र नम्बर २ की उम्मेदवार सुशीला चौधरीको प्रचारमा प्रयोग हुने गाडीमा अज्ञात समूहद्वारा आगजनी ।<br><br>मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ता र प्रहरीबीच राजविराजमा झडप । फोरमका तीन जना कार्यकर्ता प्रहरी नियन्त्रणमा । |
| **कार्तिक १५** | एकीकृत नकेपा माओवादीका दुई उम्मेदवारले चुनावी प्रचारमा प्रयोग गरेको गाडी अज्ञात समूहद्वारा आगजनी ।<br><br>३३ दलिय मोर्चा र एकीकृत नेकमा माओवादीका कार्यकर्ताबीच अछामको रहफ गाविसमा झडप ।<br><br>रुकुमको चौरझारीमा काँग्रेसको र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । चार जना घाइते ।<br><br>सुर्खेतको विरेन्द्रनगरमा बम । सेनाद्वारा निष्कृय ।<br><br>सुनसरी निर्वाचन क्षेत्र नम्बर २ मा एकीकृत नेकपा माओवादीको उम्मेदवार रामकुमारी चौधरीको प्रचारमा प्रयोग गरिएको र मोरङ क्षेत्र नम्बर ८ का गोपी अछामीको गाडीमा आगजनी ।<br><br>सुनसरीमा एमालेका तीनवटा प्रचार कार्यालय तोडफोड र आगजनी । |

| | |
|---|---|
| | एकीकृत नेकपा माओवादीको मोरङ क्षेत्र नम्बर ९ को क्षेत्रिय कार्यालय नजिक बम फेला ।<br><br>बन्दको अवज्ञा गरेको भन्दै नेकपा माओवादीका कार्यकर्ताद्वारा कपिलवस्तुमा एउटा ट्रकमा आगजनी । एकीकृत नेकपा माओवादीका धादिङका उम्मेदवार पुष्पविक्रम मल्लको प्रचारमा प्रयोग भएको गाडी अज्ञात समूहद्वारा आगजनी । |
| **कार्तिक १६** | निर्वाचन भाडन खोजेको आरोपमा देशभारबाट एक सय ९४ जना पक्राउ ।<br><br>एकीकृत नेकपा माओवादीका भक्तपुर क्षेत्र नम्बर २ का उम्मेवार डिपी ढकाल चढेको गाडीमा अज्ञात समूहद्वारा सल्लाधारीमा आगजनी । धमला सहित पाँच जना सुर्खेतमा पक्राउ ।<br><br>चुनाव प्रचारमा हिडेका एकीकृत नेकपा माओवादीका कार्यकर्तालाइ नेकपा माओवादीका कार्यकर्ताद्वारा जाजरकोटको डाँडाँगाउँमा अवरोध । |
| **कार्तिक १७** | बाग्लुङमा चुनाव प्रचारमा प्रयोग भएको बस र पिकअप भ्यानमा आगजनी । प्रहरीद्वारा पाँच जना पक्राउ ।<br><br>मोरङ क्षेत्र नम्बर ९ मा बम फेला । प्रहरीद्वारा सुरक्षा व्यवस्था कडा । |
| **कार्तिक १८** | म्याग्दीमा काँग्रेस र एमाले कार्यकर्ताबीच झडप । चार जना घाइते ।<br><br>काठमाडौंको क्षेत्र नम्बर १० मा काँग्रेस र एमालेबीच झडप । ८ जना घाइते ।<br><br>काठमाडौ क्षेत्र नम्बर १० मा काँग्रेस कार्यकर्ताद्वारा एमाओवादी कार्यकर्तामाथि आक्रमण । १० जना घाइते । |
| **कार्तिक २०** | एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको कार्यक्रमलाई लक्षित गरी मोरङको बेलबारी क्षेत्रमा शंकास्पद वस्तु । सेना प्रहरीद्वारा तिनीहरुलाई हटाइयो ।<br><br>एकीकृत नेकपा माओवादीबाट कास्की क्षेत्र नम्बर ३ मा उम्मेदवार रहेका रामजी बराललले प्रचार प्रसारमा प्रयोग गर्ने गाडीमा अज्ञात समूहद्वारा आगजनी ।<br><br>काठमाडौंको लप्सीफेदी गाविसको कालिका शरण उच्च माविमा बम फेला ।<br><br>जाजरकोट खगेना गाविस ७ गुम्राखमा चुनाव प्रचारका क्रममा काँग्रेस र एमालेका कार्यकर्ताबीच झडप । एक जना घाइते ।<br><br>निर्वाचन बहिस्कारमा सक्रिय नेकपा माओवादकि झापा जिल्ला इन्चार्ज बोधराज घिमिरे सहित आधा दर्जन पक्राउ ।<br><br>एकीकृत नेकपा माओवादीका रुकुम २ का उम्मेदवार जर्नाजन शर्माले सम्बोधन गर्ने चुनावी सभानजिक बम फेला ।<br><br>एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको कार्यक्रमलाई लक्षित गर्दै नेकपा माओवादीद्वारा सप्तरी बन्द । |

| | |
|---|---|
| | ताप्लेजुङका एमाओवादीका उम्मेदवार सञ्चपाल मादेनमाथि आक्रमण गर्ने नेकपा माओवादीका ६ जना कार्यकर्ता प्रहरीद्वारा पक्राउ ।<br>जाजरकोटको खगेनकोट गाविस ७ मा एमाले र काँग्रेसका कार्यकर्ताबीच झडप । एक जना घाइते । |
| **कार्तिक २२** | रुकुमको मुरु गाविसमा काँग्रेस र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । तीन जना घाइते । |
| **कार्तिक २३** | एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल आउने भएपछि नेकपा माओवादीद्वारा चितवन बन्द । ठाउँ ठाउँमा बम फेला ।<br>ताप्लेजुङको खेक्लिङमा नेकपा एमालेको सभामा बम विस्फोट । चार जना घाइते ।<br>गोरखाको बोर्लाङमा एकीकृत नेकपा माओवादीद्वारा नेपाली काग्रेसको पार्टी कार्यालय तोडफोड र आरुघाटमा झडप । दुई जना घाइते ।<br>एकीकृत नेकपा माओवादीका सखुवासभा क्षेत्र नम्बर २ का उम्मेदबार राजेन्द्र किरातीमाथि अज्ञात समूहद्वारा आक्रमण । |
| **कार्तिक २४** | वाइसियलका कार्यकताद्वारा गुल्मीको पुर्कैटमा नेकपा एमालेको चुनाव प्रचार टोलीलाई अवरोध ।<br>गुल्मीको धुर्कोटमा वाइसियल र युथफोसबीच झडप ।<br>रुकुमको खोला गाउँमा काँग्रेसले आयोजना गरेको सभामा एमाओवादी कार्यकर्ताको अवरोध । घाइते ।<br>गोरखा नगरपालिका थाकलडाँडाँ क्षेत्रमा बम विस्फोट ।<br>दोलखाको भिमेश्वर नगरपालिकामा २ वटा बसमा आगजनी । |
| **कार्तिक २५** | नेकपा माओवादीद्वारा देशभर आमहडताल ।<br>चितवनका विभिन्न ठाउँमा बम बिस्फोट ।<br>काठमाडौंको त्रिपुरेश्वरमा बम । सेनाद्वारा निष्कृय । बुद्धनगर, गोंगबु, डिल्लीबजार र धापसीमा शंकास्पद वस्तु फेला । काठमाडौंमा दुई र भक्तपुरमा ६ गाडी तोडफोड ।<br>उदयपुरमा चारवटा बम विस्फोट ।<br>नुवाकोट विदुरस्थित एकीकृत नेकपा माओवादीको पार्टी कार्यालयमा बम ।<br>नेकमा माओवादीका कार्यकर्ताद्वारा काभ्रका पाँच ठाउँमा बम ।<br>नेकपा एमालेका अध्यक्ष झलनाथ खनालको इलामस्थित पुर्खेयुली घरमा आगजनीको प्रयास । |

| | |
|---|---|
| | नेकपा माओवादीका कार्यकताद्वारा नेकपा मालेका क्षेत्र नम्बर ३ का उम्मेदवार नवराज खरेललाई नौ घण्टा नियन्त्रण ।<br>नेकपा एकीकृत नेकपा माओवादीका सुर्खेत क्षेत्र नम्बर ३ का उम्मेदवार नरबहादुर विष्टमाथि काँग्रेस कार्यकर्ताद्वारा आक्रमण ।<br>नेकपा एकीकृत नेकपा माओवादीको आमसभालाई लक्षित गरी ताप्लेजुङमा बम प्रहार ।<br>बन्दका क्रममा अवरोध सिर्जना गर्ने ८० जना प्रहरीद्वारा पक्राउ ।<br>काभ्रेको वनेपामा सिलिण्डर बम बिस्फोट ।<br>म्यादीमा दुई सवारी साधनमा तोडफोड । |
| **कार्तिक २६** | ललितपुरको कुमारी पार्टीमा पेट्रोल बम प्रहार । एक जना बालक ।<br>काठमाडौंका चारवटा गाडीमा तोडफोड ।<br>सुनसरी क्षेत्र नम्बर ६ उम्मेवारको भीम आचार्यको घरमा बम फेला ।<br>एकीकृत नेकपा माओवादीका कार्यकर्ता बोकेको भन्दै गोरखामा दुई वटा बसका चालकलाई काँग्रेसका कार्यकर्ताद्वारा कुटपिट ।<br>पोखरामा पयर्टक बोकेको गाडी, दाङमा एउटा मोटरसाइकल, पोखरामा दुईवटा बसमा आगजनी ।<br>झापामा लिम्बुवान राज्य परिषद्का उम्मेदवार गोपाल थेपे अपहरणमा ।<br>खोटाङमा काँग्रेस र एमाले कार्यकर्ताबीच झडप । आधा दर्जन घाइते ।<br>सिराह क्षेत्र नम्बर ५ मा एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा नेकपा एमालेका कार्यकर्तामाथि आक्रमण । पाँच जना घाइते ।<br>नुवाकोटमा नेपाली काँग्रेसका उम्मेदवार अर्जुननरसिंह केसीलाई लक्षित गरी बाम प्रहार ।<br>महोत्तरीको बर्दिवासका दुईवटा बम फेला । सेनाको टोलीद्वारा निष्कृय ।<br>गोरखाको बक्राङ गाविसमा एकीकृत नेकपा माओवादी र काँग्रेसका कार्यकर्ताबीच झडप । दुई जना घाइते ।<br>काभ्रेको धुलिखेलमा बम विष्फोट । हा<br>मनकामनाबाट पोखरातर्फ गएको दुईवटा सवारी साधानमा तनहुमा बम प्रहार । दुई जना घाइते ।<br>एकीकृत नेकपा माओवादीको खुकुरी प्रहारबाट जाजरकोटमा काँग्रेसका क्षेत्रिय सचिव विरेन्द्र शाह घाइते । |

| | |
|---|---|
| | रुकुममा एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा नेपाल शिक्षक संघका अध्यक्ष देवबहादुर खडकाको घर तोडफोड ।<br>सल्लानमा सडक अवरोध गर्न खोज्ने २ जना प्रहरीद्वारा पक्राउ । |
| **कार्तिक २७** | एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको गाडीलाई लक्षित गरी कञ्चनपुरमा बम प्रहार ।<br>दोलखामा काँग्रेस र एमालेका कार्यकर्ताबीच झडप ।<br>नेकपा माओवादका कार्यकर्ताद्वारा गोरखामा एउटा मोटरसाइलकमा आगजनी ।<br>रुकुममा एकीकृत नेकपा माओवादी र काँग्रेसका कार्यकर्ताबीच झडप । एक जना घाइते ।<br>काठमाडौंको जोरपोटी क्षेत्रमा शंकास्पद वस्तु फेला । वातावरण आतंकित ।<br>राजधानीमा गुडीरहेको माइक्रोबसमा पेट्रल बम प्रहार ।<br>काभ्रेको कटुन्जेबाट काठमाडौंतर्फ आइरहेको कारमा मेथिनकोटमा आगजनी ।<br>झापाको लखनपुरमामा सिलिण्डर बम विस्फोट ।<br>राजधानीको कालोपुलमा ट्याक्सीमा आगजनी ।<br>म्याग्दीमा नेकपा माओवादीका कार्यकर्तामाथि एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा आक्रमण ।<br>प्रहरीद्वारा चितवनमा बम बनाउन सक्रिय ११ जना पक्राउ ।<br>नुवाकोटमा एकीकृत नेकपा माओवादी र काँग्रेसका कार्यबीच झडप ।<br>पथलैयामा ट्रकमा पेट्रोल बम प्रहार ।<br>नेकपा माओवादीको जिल्लास्तरीय ६ जना नेताको घरमा प्रहरीद्वारा छापा । |
| **कार्तिक २८** | काभ्रेको गोठपानीमा वसमा पेट्रोल बम प्रहार ।<br>नुवाकोटको सुन्दरादेवी गाविसमा प्रेस कुकर बम फेला ।<br>तनहुको बेलभञ्ज्याङमा राखिएको बम सेनाद्वारा निष्कृय ।<br>रुकुमको सिम्लीमा काँग्रेस र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । |

| | |
|---|---|
| | सिराहको कर्जान्हामा एकीकृत नेकपा माओवादीका दुई समूहबीच झडप । १० जना घाइते । |
| **कार्तिक २९** | राजधानीको धोविघाटमा बम फेला ।<br><br>इलामका दुई ठाउँमा बम फेला ।<br><br>दोलखाको लादुकमा एमाले र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । एमालेका चार जना कार्यकर्ता घाइते ।<br><br>सुर्खेतमा गुडिरहेको बसमा बम प्रहार । आधा दर्जन घाइते ।<br><br>बाग्लुङको हुग्दीशिर गाविसमा एकीकृत नेकपा माओवादी र राष्ट्रिय जनमोर्चाका कार्यकर्ताबीच झडप । आठ जना घाइते ।<br><br>चितवनको रत्नागरमा एमाले कार्यकर्ताद्वारा काँग्रेस कार्यकर्तामाथि आक्रमण ।<br><br>सिन्धुलीमा एमाले र एकीकृत नेकपा माओवादीबीच झडप । माओवादीका क्षेत्र नम्बर १ का लेखनाथ दाहाल सहित केही घाइते ।<br><br>एकीकृत नेकपा माओवादीद्वारा विज्ञप्ति निकाली आफ्ना कार्यकता रश्मी राइको काँग्रेसले हत्या गरेको आरोप ।<br><br>पोखराको मणिपाल हस्पिटल क्षेत्रमा बम विस्फोट ।<br><br>रोल्पामा एकीकृत नेकपा माओवादी र एमालेबीच झडप । नुवागाउँमा भएको झडप हुँदा गोली पनि चल्यो । तीन जना घाइते ।<br><br>काँग्रेस केन्द्रीय सदस्य कमला पन्तमाथि गोर्खाको पालुङटार गाविसमा काँग्रेस कार्यकर्ताद्वारा नै दुर्व्यवाहार । |
| **मंसिर १** | घनकुटाको बुढी मोरङ गाविस भवन नजिक बम फेला ।<br><br>सुर्खेतको बाबियाचौरबाट सदरमुकामतिर आइरहेको बसमाथि बम प्रहार ।<br><br>पर्साको विश्रामपुर गाविसमा रहेको भङगीसाह उच्च माध्यमिक विद्यालयमा बम फेला ।<br><br>बैतडीमा एकीकृत एकीकृत नेकपा माओवादीद्वारा एमालेका नेतामाथि आक्रमण । ६ जना घाइते ।<br><br>गुल्मीको नेटामा एकीकृत नकेपा माओवादीका कार्यकर्ताद्वारा एमाले कार्यकर्तामाथि आक्रमण । दुई जना घाइते ।<br><br>रुकुमको आठविसकोटमा एकीकृत नेकपा माओवादी कार्यकर्ताद्वारा एमालेका कार्यकर्तामाथि आक्रमण । साता जना घाइते ।<br><br>गोरखा क्षेत्र नम्बर ३ को धावा गाविसमा वाइसियल र तरुण दलबीच झडप । दुई जना घाइते ।<br><br>कास्कीको सारङकोटमा बम विस्फोट । एक घर ध्वस्त । |

| | |
|---|---|
| | काठमाडौंबाट रौतहट जाँदै गरेको बसमाथि सतुङगलमा बम प्रहार । आठ जना घाइते ।<br><br>अँख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीको वानेश्वर हाइट नजिक बम बिस्फोट ।<br><br>मकवानपुर निर्वाचन क्षेत्र नम्बर ५ काँकडा ५ शिलाधुनी मतदान केन्द्रका लागि लगिएका दुई मत पेटिका अज्ञात समूहद्वारा लुटपाट । |
| **मंसिर २** | चितवनको कविलासमा गुडिरहेको बसमा बम प्रहार गरेको आरोपमा नविन बिसी पक्राउ ।<br><br>राजधानीबाट नुवाकोट जाँदै गरेको निजी गाडीमा अज्ञात समूहद्वारा बम प्रहार ।<br><br>सिरहा निर्वाचन क्षेत्र नम्बर ५ मा रहेको एकीकृत नेकपा माओवादीको क्षेत्रिय सम्पर्क कार्यालयमा बम बिस्फोट ।<br><br>ललितपुरको पुलचोकमा दुईवटा बम फेला । नेपाली सेनाद्वारा निष्कृय ।<br><br>पथलैयामा अज्ञात समूहको पेट्रोल बम प्रहारबाट घाइते ट्रक देवबहादुर देउजा क्षेत्रीको निधन ।<br><br>सप्तरीको हनुमाननगरबाट प्रहरीले नेकपा माओवादीका दुई जना कार्यकर्ता पक्राउ ।<br><br>एकीकृत नेकपा माओवादीका चितवन क्षेत्र नम्बर ३ बाट उम्मेदवार भएका नारायण दाहालमाथि आक्रमण । एमालेका युवाले आक्रमण गरेको आरोप ।<br><br>प्रहरीद्वारा रोल्पाको होलरीमा एमाले कार्यकर्ता कुलबहादुर बुढामाथि आक्रमण ।<br><br>बाग्लुङमा जनमोर्चाका कार्यकर्ताद्वारा नेविसंघका हरिहर शर्माको घरमा आक्रमण । सात जना घाइते । |
| **मंसिर ३** | आधार क्षेत्र भन्दै एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा रुकुमको बाफीकोटमा स्थानीय माथि कुटपिट ।<br><br>दाङको राप्ती अञ्चल प्रहरी कार्यालय नजिक सिलिण्डर बम विस्फोट ।<br><br>काभ्रेमा निर्वाचन बहिस्कारमा सक्रिय नेकपा माओवादीका नगर इन्चार्ज सौरभ कायस्त पक्राउ ।<br><br>म्यादीको घतान गाविसमामा शंकास्पद वस्तु सहित दुइवटा बम फेला । सेनाद्वारा निष्कृय ।<br><br>सुर्खेतको लाटीकोइलीको सिद्दपाइला बोडिङ स्कूल परिसरमा पार्किङ गरिएको बसमा आगजनी ।<br><br>म्यादी सदरमुकाममा बम विस्फोट ।<br><br>चितवनको कालिवास गाविस गाविस कार्यालयमा रहेको मतदान केन्द्रको सामग्री लुटने प्रयास असफल । |

| | |
|---|---|
| | काभ्रे भिरकोट गाविस काँग्रेस कार्य समितिका सभापति टुनबहादुर नेपाली लगायतको टोलीमाथि अज्ञात समूहद्वारा आक्रमण ।<br>नेकपा माओवादीद्वारा कब्जा दैलेखको लकान्तास्थित हुइका मतदान केन्द्र प्रहरीद्वारा नियन्त्रणमा ।<br>पोखराको शहरी क्षेत्रमा ३ वटा बम विस्फोट ।<br>गोरखाको सदरमुकामको शक्ति उच्च माविमा बम विस्फोट ।<br>जाजरकोट ढिमेको पेप्सेमा प्रहरीद्वारा पेस्तोल सहित नेकपा माओवादीका ७ जना पक्राउ । |
| **मंसिर ४** | म्यादीको भकुण्डे गाविसको अर्जुन उच्च मावि मतदान केन्द्र नजिक बम विस्फोट ।<br>कुलेश्वरमा आफैले बोकेको बम विस्फोट हुँदा नेकपा माओवादीका दुई जना कार्यकर्ता घाइते ।<br>दोलखामा एकीकृत नेकपा माओवादी र एमाले कार्यकर्ताबीच झडप । चार जना घाइते ।<br>रोल्पामा पाँचवटा बम बिस्फोट ।<br>सर्लाही क्षेत्र नम्बर ६ का काँग्रेसका उम्मेदवार अमरेश सिंहका समर्थकद्वारा बलरा गाविसको ५, ६, ७ मतदान केन्द्र कब्जा गरेको आरोप ।<br>काठमाडौंको भोटेबहालमा बम विस्फोट । तीन बालक घाइते ।<br>एकीकृत नकेपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल समर्थकले सिरहाको निर्वाचन क्षेत्र नम्बर ५ का तीनवटा मतदान केन्द्र नियन्त्रणमा लिएको आरोप ।<br>एकीकृत नेकपा माओवादीका नेता बाबुराम भट्टराइ उम्मेदवार रहेको गोरखा क्षेत्र नम्बर १ मा दुईवटा मतदान केन्द्र एकीकृत माओवादीले कब्जामा लिएको आरोप ।<br>रुकुम बाफीकोट  काँग्रेसका गाउँ इकाइ सभापति नरबहादुर चन्दको एकीकृत नेकपा माओवादी कार्यकर्ताद्वारा आक्रमण । तीन जना घाइते ।<br>नेकपा माओवादीका कार्यकर्ताद्वारा दैलेखको चामुण्डा हाडाकोटस्थित मतदान केन्द्र कब्जा ।<br>रौतहटको पोटीयाही प्राविस्थित मतदान केन्द्रमा एकीकृत नेकपा माओवादी र एमालेका कार्यकर्ताबीच झडप । केही घाइते ।<br>जुम्लाको झारज्वाला मतदान केन्द्रबाट मतपेटिका कब्जा गरी नेकपा माओवादीका कार्यकर्ताले तीलाखोलामा बगाए ।<br>रामेछापको पकरवासमा विवाद । मतदान कार्य केही समयका लागि स्थगित ।<br>गोरखा क्षेत्र नम्बर १ नारेश्वर गाविसको मतदान केन्द्रमा एमाले र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । प्रहरीद्वारा हवाइ |

| | |
|---|---|
| | फायर ।<br>गोरखामा एकीकृत नेकपा माओवादीका नेता बाबुराम भट्टराइ समर्थकले बुथ कब्जा गरेको भन्दै काँग्रेस र एमालेद्वारा उजुरी ।<br>नेकपा माओवादीका कार्यकर्ताद्वारा रोल्पामा नेपाल पत्रकार महासंघका अध्यक्ष मौसम रोका अपहरित ।<br>स्याङजामा एमाले र काँग्रेसबीच बुथ कब्जाको आरोप प्रत्यारोप ।<br>पर्वतको ठुली पोखरी गाविस स्थित जनता सुदर्श उच्चमावि मतदान केन्द्रमा होहल्ला । तीन राउण्ड हवाइ फायर ।<br>काँग्रेसले पर्वतशो शंकरपोखरीस्थित महादेव प्रावि मतदान केन्द्रमा बुथकब्जाको प्रयास गरेको आरोप । प्रहरीद्वारा हवाइ फायर ।<br>पर्वतको माझफाँट गाविसमा काँग्रेस कार्यकर्ताद्वारा एमाले कार्यकर्तामाथि आक्रमण । दुई जना घाइते ।<br>दैलेखको चामुण्डा हाडाकोत मतदान केन्द्र नेकपा माओवादीका कार्यकर्ताद्वारा नियन्त्रण । |
| **मंसिर ५** | रौतहटमा काँग्रेस र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप । १६ जना घाइते ।<br>तनहुमा निर्वाचन अधिकृतले खसेको मतबारे जानकारी नदिएको भन्दै काँग्रेस प्रतिनिधिले बुथ छाडेपछि केही समय मतदान स्थगित ।<br>सर्लाही निर्वाचन क्षेत्र नम्बर ६ का काँग्रेसका उम्मेदवार अम्रेशकुमार सिहं बसेको घरमा ५० राउण्ड गोली प्रहार । |
| **मंसिर ६** | काँग्रेसलाई भोट नदिएको भन्दै पर्साको मुडली गाविसमा एक समूहद्वारा दलित वस्तीमा आक्रमण । |
| **मंसिर ८** | महोत्तरी क्षेत्र नम्बर ५ का एमाओवादीका उम्मेदवार रजिहैदरद्वारा बैरगिया लक्ष्मीनियाका दुईजनालाई कुटपिट ।<br>चुनावमा अन्तरघात गरेको भन्दै कैलालीमा एमाले कार्यकर्ताबीच झडप । |
| **मंसिर ११** | काँग्रेसको तर्फबाट नुवाकोट क्षेत्र नम्बर २ मा निर्वाचित रामशरण महतलाई थप्रेक गाविसको आरुखर्चको जंगलमा रुख ढालेर अवरोध । |

*स्रोत : सेतोपाटीडटकम र रातोपाटीडटकम ।*